म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२९ सोमबार, १८ चैत २०८१ ने. सं. ११४५ चौल्लाथ्व 31 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङको घरमा आगलागी

हेटौंडा, १७ चैत/मकवानपुरको राक्सिराङ गाउँपालिका-५ बोटबारीस्थित एक घरमा आगलागी भएको छ । आईतबार विहान अन्दाजी ९:३० बजेको समयमा बोटकारीस्थित भीमबहादुर मोक्तानको एकतले ढुंगा र माटोले बनेको घरमा आगलागी हुँदा करिब ७ लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मोक्तानको घरमा रहेको ४० हजार रुपैयाँ नगद जलेर नष्ट भएको छ । त्यस्तै अन्नपात, काठ, भाँडावर्तन र लत्ताकपडा जलेर नष्ट हुँदा करिब ७ लाख रुपैयाँ बराबरको क्षति भएको हो । विद्युत लाइन सर्ट भई लागेको आगो करिब ३ घण्टापछि नियन्त्रणमा आएको प्रहरीले जनाएको छ । आगो लागेको खबर प्राप्त हुनासाथ प्रहरीचौकी चैनपुरबाट प्रहरी सहायकनिरीक्षक नबीनकुमार सिंहको कमाण्डमा खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको हो । घटनामा कुनैपनि मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

### मानवसेवा आश्रममा महायज्ञ सुरु, १० करोडको अक्षयकोष निर्माण गरिने

# एक करोड ५० लाख सहयोग गर्ने नगरप्रमुखको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ हेटौंडा उपमहानगरपालिका-९ स्थित मानसेवा आश्रमको आयोजनामा आइतबारदेखि श्रीमद् भागवत सप्ताहज्ञानविज्ञान महायज्ञ सुरु भएको छ ।



मानवसेवा आश्रमको मुख्य कार्यालयमा आश्रमले १० करोड रुपैयाँको अक्षयकोष निर्माण गर्ने उद्देश्यले महायज्ञ सुरु गरेको हो । आइतबार बिहान त्रिवेणीधामबाट सुरु भएको कलाशयात्रा महायज्ञस्थल पुगेको थियो । महायज्ञको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले व्यक्तिगत २५ हजार रुपैयाँ हस्तान्तरण गरे । मुख्यमन्त्री लामाले प्रदेश सरकारले छलफल गरेर सकेसम्म अक्षयकोषका लागि अनुदान रकम सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

त्यसैगरी हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले एक करोड ५० लाख रुपैयाँ अनुदानस्वरुप अक्षयकोषका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्ति गरिन् । हेटौंडा-४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टका संचालक पुरनबहादुर जोशीले ५ लाख रुपैयाँ हस्तान्तरण गर्ने प्रतिबद्धता जनाए । यसैगरी डा. कृष्ण धितालले ५ लाख ११ हजार एक सय ११ रुपैयाँको चेक हस्तान्तरण गरेका छन् ।

आश्रमको क्षमता अभिवृद्धि र आश्रम व्यवस्थापनलाई थप सहज बनाउन महायज्ञ गर्न लागिएको हो । महायज्ञबाट उठेको रकमबाट १० करोडको अक्षयकोष स्थापना गरिने बताइएको छ । २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको संकल्पलाई पूरा गर्नको लागि आधार तयार पार्न महायज्ञले सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

महायज्ञमा भागवत भाष्कर कमलनयन गौतमबाट कथाप्रवचन भइरहेको छ । चैत्र १८ गतेदेखि २४ गतेसम्म प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म पतञ्जली योग समिति, जीवनविज्ञान, द आर्ट अफ लिभिङ, मोक्षपथ फाउण्डेशन लगायत अन्य संघसंस्थाको सहकार्यमा नि:शुल्क योग शिविर सञ्चालन हुनेछ । त्यस्तै बिहान ८ बजेदेखि १० बजेसम्म मकवानपुरका सामुदायिक, संस्थागत विद्यालयमा अध्ययनरत् कक्षा १०, ११ र १२ का विद्यार्थीसँग मनको व्यवस्थापन, सकारात्मक सोच, मानवता प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया गरिने छ । प्रत्येक दिन साँझ ६ बजेदेखि ७:३० बजेसम्म स्थानीय कलाकारको भजनकीर्तिन र ७:३० बजेदेखि ९:३० बजेसम्म राष्ट्रिय कलाकारको भजनकीर्तिनको कार्यक्रम रहेको छ ।

मानवसेवा आश्रमले मकवानपुरको हेटौंडाबाट सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने अभिष्ट राखी वि.सं. २०६९ साल भदौ १३ देखि सेवा शुभारम्भ गरेको हो । हेटौंडाबाट सेवा शुभारम्भ गरेको आश्रमले हालसम्म सात प्रदेशको २० जिल्लामा २६ वटा सेवाकेन्द्र बिस्तार गरी ७७ जिल्लामा रहेका सहयोगापेक्षी मानवको उद्दार गरी सेवाप्रदान गरिरहेको छ । घर भाडा लिएर सेवा शुभारम्भ गरेको आश्रम हेटौंडा-९ लामसुरेधाप तथा जिल्लावासीको मुठीदानको सहयोग र तीनै तहका सरकारको आंशिक सहयोगबाट भवन निर्माण भई भाडाको घरबाट आफ्नै भवनमा सेवा सञ्चालन भइरहेको छ ।

मानवसेवा आश्रमको मुख्य कार्यालय हेटौंडा, चितवन, लमजुङ, पोखरा, बुटवल, दाङ र यसै आर्थिक वर्षमा सुर्खेतपछि बुटवल, धनगढी, सर्लाहीसहित फेरि हेटौंडामा हुन लागेको यो महायज्ञ १० औं महायज्ञ भएको आश्रमले जनाएको छ । मानवसेवा आश्रमको मुख्य कार्यालयले हालसम्म १८०२ जना उद्दार गरि सकेको छ भने हाल २४१ जना आश्रमको संरक्षणमा छन् । मुख्य कार्यालय हेटौंडाले ९२६ जनाको पारिवारिक पुनर्मिलन गरिसको आश्रमका प्रमुख रामजी अधिकारीले जानकारी दिएका छन् ।

### राजावादी आन्दोलनको नेतृत्व जगमानले गर्ने

# दुर्गा प्रसाई लुके, अधिवक्ता स्वागत नेपाल छुटे



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ राजावादी आन्दोलनको नेतृत्व अब नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्वउपकुलपति जगमान गुरुङले गर्ने भएका छन् ।

संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले आफ्नो अनुपस्थितिमा गुरुङले आन्दोलनको नेतृत्व गर्ने बताएका हुन् । सरकारले आफूलाई नजर बन्दमा राखेको उल्लेख गर्दै सुवेदीले आइतबार प्रेस विज्ञप्ती जारी गर्दै भनेका छन्, 'सरकारले मलाई नजर बन्दमा राखेको हुनाले मेरो अनुपस्थितिमा संयुक्त जनआन्दोलनको नेतृत्व नेपालऋषि जगमान गुरुङले गर्नुहुनेछ । आन्दोलन निरन्तर राख्न सम्बन्धित सबै दल, संघसंस्थालाई सहयोग गर्न आह्वान गर्दछु ।'

व्यवसायी दुर्गा प्रसाईंले अगुवाइ गरेर चैत ४ गते राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष राप्रपाका नेता नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुन:स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति गठन गरिएको थियो । सुवेदीले उनै प्रसाईंलाई जनआन्दोलन समितिको कमान्डर पनि घोषणा गरेका थिए । शुक्रबार प्रसाईंले नै भाँडभैलो मच्चाएपछि राजावादीहरुको प्रदर्शन हिंसक बनेको थियो ।

प्रदर्शनका क्रममा एक सञ्चारकर्मीसहित २ जनाको मृत्यु भएको थियो । साथै दर्जनौं गाडीमा आगजनी र व्यक्तिगत तथा सरकारी सम्पत्तिमा आगजनी भएको थियो । त्यसपछि प्रहरीले राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणासहित दर्जनौंलाई पक्राउ गरेको छ । संयोजक सुवेदीलाई भने सरकारले भेटघाटमा प्रतिबन्ध लगाएको छ । प्रसाईं भने फरार छन् ।

**दुर्गा प्रसाई मन्दिरमा लुकेर बसे**

प्रहरीको खोजी सूचीमा रहेका राजावादी समूहका कमाण्डर दुर्गा प्रसाईंले आफूलाई मार्ने योजना बुनेको थाहा पाएपछि शुक्रबार प्रहरीघेरा तोडेर ज्यान जोगाएको स्पष्टीकरण दिएका छन् ।

शुक्रबार तीनकुनेमा भएको प्रदर्शनका क्रममा प्रसाईंले प्रहरीको घेरालाई गाडीले पेल्दै अघि बढेका थिए । उनले कयौंपटक अश्लील शब्द पनि प्रयोग गरेका थिए । उनलाई प्रहरीले अहिले पनि खोजी गरिरहेको छ । यसबारे उनले भनेका छन्, 'म सुरक्षित बसेको मात्रै हुँ, भागेको छैन । म भागेको छैन ।' उनले आफू सुरक्षित मात्रै बसेको बताएका छन् । 'म सुरक्षित ठाउँमा बसेको छु । म भाग्नलाई जन्मिएको होइन,' उनले भनेका छन् ।

प्रसाईंले आफू काठमाडौंमै एउटा मन्दिरमा बसिरहेको बताएका छन् । 'म काठमाडौंमै छु, काठमाडौंकै एउटा मन्दिरमा बसेको छु,' प्रसाईंले भनेका छन् । त्यसयता फरार रहेका प्रसाईंले सामाजिक सञ्जालमार्फत् एक भिडिओ सन्देश पोस्ट गर्दै प्रहरीसँग माफी मागेका हुन् । 'म आफू सुरक्षित हुन सुरक्षाकर्मीको घेरा तोडेको हुँ । तपाईंहरुप्रति लक्षित दुष्मनी होइन । तपाईंहरुलाई पर्न गएको चोटप्रति क्षमा चाहन्छु,' प्रसाईंले भनेका छन् । उनले आफूजति प्रहरी र दिनदुखीलाई माया गर्ने मान्छे कोही नभएको पनि बताएका छन् ।

'मेरो कानको छेवैबाट गोली गयो । मैले कुरो बुझिसकेपछि मेरै गाडीमा अश्रुग्यास उत्रिएपछि यस्तो भएको हो,' प्रसाईंले भिडिओमा भनेका छन्, 'मलाई मार्ने योजना बुनेको थाहा पाएपछि प्रहरीको घेरा तोडेको हुँ ।'

**स्वागत नेपाल छुटे**

राजसंस्था पुनस्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका प्रवक्ता अधिवक्ता स्वागत नेपाललाई हाजिरी जमानीमा छोडिएको छ ।

उनलाई प्रदर्शनस्थलमा नदेखिएको भन्दै प्रहरीले हाजिरी जमानीमा छाडेको हो । उनलाई प्रहरीले गत शुक्रबार पक्राउ गरेको थियो । तीनकुनेमा भएको हिंसात्मक आन्दोलनपछि उनीसहित राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा पनि पक्राउ परेका छन् । उनीहरुलाई भने म्याद थपका लागि अदालत लगिएको छ ।

# थाहाका विद्यार्थीलाई करियर काउन्सिलिङ



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएर बसेका विद्यार्थीलाई थाहा नगरपालिकाले करियर काउन्सिलिङ गरेको छ ।

थाहा नगरपालिकाको महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्ग परिचयपत्र शाखाद्वारा आयोजित नगरपालिकाभित्रका एसईई दिएर बसेका विद्यार्थी र शिक्षकलाई दिएको करियर काउन्सिलिङ चैत्र १७ गते सम्पन्न भएको हो । कार्यक्रमको उद्घाटन गर्दै थाहा नगरपालिका प्रमुख प्रशासकीयअधिकृत सुरेन्द्र प्रधानले विद्यार्थीलाई अहिलेदेखि नै मेहनत गरे जीवनमा सक्षम र सफल हुन सकिने भन्दै आफूलाई चिन्न आग्रह गरेका छन् ।

परिवारिक दवाब भन्दा पनि आफ्नो क्षमता र इच्छाअनुसारको विषय छनोट गर्न पनि उनले सुझाव दिएका छन् । कार्यक्रममा थाहा नगर पालिका शिक्षा संयोजक राजनभक्त श्रेष्ठले शिक्षक र अभिभावकबीचको सहकार्य र समन्वयले नै विद्यार्थीलाई सधैं ऊर्जावान् र सक्रिय बनाउने बिचार राख्दै विद्यार्थीका लागि अभिभावकको भूमिका अतुलनीय हुने कुरामा जोड दिए ।

कार्यक्रममा एसईई दिएर बसेका थाहाका १६ वटा संस्थागत तथा सामुदायिक विद्यालयका २ सय विद्यार्थीलाई मोटिभेसनल स्पिकर विश्वरमण न्यौपानेले जीवनउपयोगी शिक्षा, आगामी दिनको तयारी र परीक्षा नतिजालाई कसरी लिने भन्ने विषयमा व्यवहारिक ज्ञान प्रदान गरेका थिए । पालुङ जेसीजको सभाहलमा आयोजित कार्यक्रमले विद्यार्थीको मनोबल बढाउने आशा लिएको महिला, बालबालिका शाखाप्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् ।

महिला तथा बालबालिका समिति संयोजक अनिता बलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिका शिक्षा शाखाप्रमुख माधवबिक्रम मल्ल, शिक्षक महासंघ थाहाका अध्यक्ष राजाराम कार्की, प्याव्सन थाहा नगरअध्यक्ष सुरेन्द्रमान प्रधान, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबू अर्याल, जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीलगायत शिक्षक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

# कैलाशको वडातहमै कानूनी साक्षरता

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुरको कैलाश गाउँपालिकाले वडावडामा न्यायिक समिति कार्यक्रम गर्नुकासाथै वडा तहमै कानूनी साक्षरता प्रदान गरेको छ ।



वार्षिक कार्यक्रमअन्तरगत गाउँपालिकाको कानून शाखाले पालिकाका सबै वडामा कानूनी साक्षरता सञ्चालन गरिएको न्यायिक सहजकर्ता अस्मिता थापाले बताइन् । न्यायिक समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लको प्रमुख आतिथ्यतामा वडावडामा कार्यक्रम सञ्चालन गरिएको थापाले बताइन् । कार्यक्रममा उपाध्यक्ष मल्लले न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेर कार्य गर्दै आइरहेको बताए । न्यायको सिद्दान्तलाई प्रयोग गर्दै आफ्नो अधिकार प्रयोग गरिएको उनले बताए ।

'सबैले कानूनको पालना गर्नुपर्छ । टोल समाजमा हुने महिला तथा बालबालिकामाथिका घटना, गाली बेइज्जती, घरेलुहिंसा, कुटपिट जस्ता विषयको कानूनी प्रावधानबारे जानकारी दिने उद्देश्यले वडातहमै कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरेका हौं' उपाध्यक्ष मल्लले भने । कार्यक्रमलाई अधिवक्ता जगन्नाथ सुवेदीले सहजीकरण गरेका थिए । अधिवक्ता सुबेदीले बालविवाह, बहुविवाह, लागुऔषध, जवरजस्ती करणीका कानूनका दण्ड सजाय, बालबालिकासम्बन्धी ऐन, कुटपिट तथा अङ्गभङ्गसम्बन्धी कसुरबारे जानकारी दिएका थिए ।

वडाका जनप्रतिनिधि, न्यायिक समितिका सदस्य, मेलमिलापकर्ता, विद्यालयका प्रअ, स्वास्थ्य स्वयम्सेविका, स्थानीय समाजसेवीको सहभागिता रहेको कार्यक्रममा फौजदारी न्यायका सिद्दान्त, गर्भसंरक्षण विरुद्धका कसुरबारे, बोक्सी आरोप, घरेलुहिंसा, गाली बेइज्जती सम्बन्धी कसुरलगायत विषयमा सहजीकरण गरिएको थियो । साक्षरता कार्यक्रममा करिब तीन सय भन्दा बढीको सहभागिता रहेको सहजकर्ता थापाले बताइन् ।

कार्यक्रममा न्यायिक समितिका सदस्य एवम् वडा ९ का वडाध्यक्ष भूवनसिं घलान, वडा ३ का कार्यबाहक अध्यक्ष एवम् समितिका सदस्य राममाया प्रजा, वडा ६ का वडाध्यक्ष रामबहादुर गोङ्वालगायतको सहभागिता थियो । गाउँपालिकामा हालसम्म अघिल्लो आर्थिक वर्षबाट सरिआएको दुईवटा मुद्दा मिलापत्र भइसकेको थापाले बताइन् । कानून शाखा अर्थात न्यायिक समितिमा ज्याला मजदुरीको एक मुद्दा छलफलको क्रममा रहेको छ भने घरभाडाको र गाली बेइज्जतीको मुद्दा एकएक वटा छलफलको क्रममा रहेको उनले बताइन् । 'श्रीमान् श्रीमतीको २ वटा झगडाको हामीले मिलापत्र गरेका छौं, जग्गा मिचेको विवाद भने समितिमा नमिलेपछि जिल्ला अदालत पठाएका छौं,' थापाले भनिन् । एकवटा बैनापट्टा विवाद म्याद तामेलीमा रहेको छ ।

**न्यायिक समितिको चारदिने भ्रमण**

कैलाश गाउँपालिकाको न्यायिक समितिले अनुभव साटासाट गर्ने उद्देश्यले चारदिने भ्रमण गरेको छ । उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक मल्लको नेतृत्वमा ३३ जनाको टोलीले चितवनको खैरहनी नगरपालिका र कास्कीको माछापुच्छ्रे गाउँपालिकाको अध्ययन अवलोकन गरिएको छ ।

भ्रमणमा वडा ७ का वडाध्यक्ष उदासकुमार भोलन, वडा १० का सूर्यबहादुर ब्लोन, कार्यपालिका सदस्य, न्यायिक सहजकर्ता अस्मिता थापा, वडातहमा रहेका मेलमिलापकर्ताको सहभागिता रहेको थियो । सिकाई र अनुभव साटासाट गर्ने हेतुले नै अवलोकन गरिएको उपाध्यक्ष मल्लले बताए ।

खैरहनी नगरका प्रमुख प्रशासकीय अधिकृत विष्णप्रसाद सापकोटा, न्यायिक समितिका सदस्य केदारनाथ पन्त र बुद्धिराज अर्याल, न्यायिक सहजकर्ता सञ्जय चौधरी र माछापुच्छ्रे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्याल, न्यायिक समिति सदस्य चीजबहादुर गुरुङ र जमुना पुनले सहजीकरण गरेको सहजकर्ता थापाले बताईन् । कैलाश गाउँपालिकाको तर्फबाट भने उपाध्यक्ष मल्ल, वडाअध्यक्ष घलान र सहजकर्ता थापाले प्रस्तुती दिएका थिए ।


## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# स्वदेशी कच्चापदार्थको उत्पादन

पछिल्लो समय कपडा उत्पादन गर्न कपास नै चाहिन्छ भन्ने मान्यतामा परिवर्तन आएको छ । गाँजाको बोट, अल्लो, केराको सुप्ला आदिबाट बनाइएका कपडाको माग उच्च रहेको छ । करिव एकदसक अघिदेखि मकवानपुरको थाहा नगर का महिला स्वरोजगार बन्ने उद्देश्यले अल्लोको कपडा बनाउन थालेका छन् । वनमा जताजतै उपलब्ध हुने अल्लोको पाटबाट कपडा बुन्ने यहाँका स्थानीय महिलाले वार्षिक कार्यतालिका बनाएर काम गरिरहेका हुन् । तरकारीको मौसम सकिएपछि महिला वनमा गएर अल्लो ल्याउने, लोक्ता निकाल्ने र लोक्ताबाट धागो बनाएर कपडा बुन्न व्यस्त हुने गरेका छन् । अहिले यहाँका महिला अन्य जिल्लामा अल्लोको लोक्ता निकाल्न र धागोसहित कपडा बुन्न सिकाउन जान थालेका छन् । लामो समयसम्म अल्लोको कपडा बनाउने तालिम लिएर काम गर्दै आएका थाहानगरका महिलाले केही वर्ष अगाडि दामन महिला अल्लो ह्याण्डीक्राफ्ट उद्योग दर्ता गरेर समूहमा काम गर्न सुरु गरेका छन् । तरकारीखेतीका लागि पकेटक्षेत्र मानिने थाहानगरका महिलाले जग्गा हुनेका लागि खेतीपाती राम्रो भएपनि जग्गा नहुने वा थोरै हुनेका लागि आम्दानीको स्रोत खोज्न मुश्किल परेको भन्दै व्यावसायिकरुपमा अल्लोको कपडा उत्पादन सुरु गरेको जानकारी दिएका छन् । महिलाले आफ्नो सबै ऊर्जा अल्लोको कपडा उत्पादनमा लगाउने कोसिसमा रहेको जनाउँदै सुरुवाती दिनमा निकै संघर्ष गर्नुपरेको अनुभव सुनाएका छन् ।

वनमा पाइने सिस्नो जस्तै देखिने अल्लोको पाटबाट कपडा बनाएर बेच्ने सपना देखेँसँगै यसको तालिम लिएको उनीहरुले बताएका छन् । स्थानीय सरकारको साथ र सहयोग प्राप्त भएमा स्थानीय अल्लोलाई एउटा उचाइमा लैजाने योजना उनीहरुको छ । सिस्नो स्वास्थ्यका लागि फाइदा हुने कुरा प्राय:सबैलाई थाहा छ तर, सिस्नोबाट कपडा बनाएर लगाउँदा पनि फाइदा हुन्छ भन्ने धेरैलाई थाहा नहुनसक्छ । वनमा छ्याप्पछ्याप्ती पाइने सिस्नो प्रजातिको अल्लोबाट कपडा बनाउने व्यावसाय सुरु गरेका थाहानगरका महिलाले लुगामात्र होइन यसबाट मोजा, जुत्ता, झोला, कोटसमेत बनाउन थालेका छन् । स्वरोजगारका लागि समूहमा बसेर अल्लोको कपडा उत्पादनमा लागेको उनीहरुले बताएका छन् । महिलाको समूह यतिबेला यसक्षेत्रको जंगलमा पाइने अल्लो टिप्न, चुट्न, पाट बनाउन अनि कपडा बुन्न व्यस्त छ । वर्षमा तीन महिना खेतीपाती र बाँकी समय कपडा बुन्नमा खर्चिने उनीहरुको भनाइ छ । तीन किलो धागोको १० देखि १२ मिटरसम्म तयारी कपडा बनाउन सकिन्छ । बढ्दो बजारको मागसँगै यसको उत्पादन पुऱ्याउन अझ बढी मेहनत गर्नुपर्ने उनीहरुको भनाइ छ । अहिले मागबमोजिमको उत्पादनका लागि जनशक्ति कम रहेको बताइन्छ । कपडा बनाउन जति सजिलो छ धागो कात्न कठिन छ, अल्लोबाट धागो बनाउन जंगलबाट काँचो लाभ्रा ल्याउनुपर्छ । पाट निकालेपछि सुकाएर ठूलो फलामे कराइमा पकाउने र त्यसपछि फेरि कमेरो माटोमा चोपेर सुकेको पाट खोलामा लगेर दोहोऱ्याएर चुट्नुपर्ने उनीहरुले जानकारी दिए ।

धागोको कच्चापदार्थ तयार गरेपछि त्यसलाई चर्खाको सहायताले धागो निकालिन्छ । विसं २०६६ देखि उद्योग दर्ता गरेर समूहमा आवद्ध भएका महिलाले सञ्चालन गर्दै आएको यो उद्योग हाल स्थानीय सरकार र ग्रिन फाउण्डेशन नेपाल नामक संस्थाको सहकार्यमा उद्यम विकास स्तरोन्नति भइरहेको छ । उद्योगमा उत्पादन बढाउनका लागि थप तालिम र भौतिक सहयोग गर्ने योजना नगरपालिकाले बनाएको छ । करिब १५ वर्ष अगाडिसम्म वनमा जतातती पाइने अल्लोबाट कपडा बन्ला भनेरे कसैले पनि सोचेका थिएनन् । ऋषेश्वर सामुदायिक वनको सक्रियतामा समूहका महिलाले अल्लोबाट कपडा बुन्ने सीप पाएका हुन् । अल्लोको कपडा उत्पादनले थाहाका स्थानीय महिला स्वरोजगार बन्नुका साथै आम्दानी पनि बढाइरहेका छन् । औद्योगिक व्यापार मेला, पर्यटकीयक्षेत्रका पसल तथा स्थानीय क्षेत्रमा अल्लोको कपडाको राम्रो बजार छ । स्थानीय क्षेत्रमा पनि यसको माग बढ्दो छ । महिलाले अल्लोको धागो कात्ने, कपडा बुन्ने, 'मनिपर्स' बनाउने, महिला तथा पुरुषले बोक्ने झोला, स्टकोटलगायत सामग्री सिलाउँछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १९ गते मंगलबार १ अप्रिल २०२५ । तृतीया, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५७, सूर्यास्त ६:२१ । विश्व मूर्ख दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दाम्पत्य जीवन सुखद बन्नेछ | तुला | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| वृष | : आम्दानी राम्रो हुनेछ | वृश्चिक | : यात्रामा खर्च बढ्नेछ |
| मिथुन | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | धनु | : मौकाको फाइदा लिन सकिनेछ |
| कर्कट | : प्रेमको बन्धन कसिन सक्नेछ | मकर | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| सिंह | : चुनौतीहरु देखा पर्न सक्नेछ | कुम्भ | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कन्या | : व्यवसायमा सामान्य फाइदा हुनेछ | मीन | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# अराजक राजावादीको षड्यन्त्र र लोकतन्त्रको लडाइँ



✍नारायण अधिकारी

तीनकुनेमा राजावादीको हिंसात्मक घटनाले देशका नागरिक र सरकारका लागि ठूलो चुनौती सिर्जना गरेको छ । यो घटनाले नेपालका राजनीतिक, सामाजिक र सांस्कृतिक संवेदनशीलता प्रकट गरेको छ । राजावादी र गणतन्त्रबादीहरूको बीचको विरोधाभास र विचार धारात्मक संघर्ष अझ जटिल भएको छ । एकातिर हिंसा र अराजकता, अर्कातिर शान्तिपूर्ण आन्दोलन र लोकतन्त्रका पक्षधरहरूको तर्क । यस घटनाले जनतालाई एकातिर डर र अन्यतिर असन्तोषको भावनाले भरिपूर्ण बनाएको छ ।

सरकारको तयारीको असफलता र यसको व्यवस्थापनको कमीले अझ सरकार र देशको भविष्यका लागि चिन्ता उत्पन्न गरेको छ । दुई तिहाईको गठबन्धन सरकार भएको अवस्थामा पनि स्थिति व्यवस्थापनमा कसरत र तत्परता नदेखिनु यो आफैमा एउटा ठूलो प्रश्न खडा गरेको छ । नेपालका नागरिकलाई शान्ति र स्थिरता चाहिन्छ र यस घटनाले यो सुनिश्चित गर्न अझ सशक्त कदम चाल्नुपर्ने आवश्यकताको महसुस गराएको छ ।

हामीले हिजो जे देख्यौं । तीन कुनेको तीन विचित्र - अराजक ज्ञानेन्द्र शाह, राजापार्टी, र हिंस्रक दुर्गाप्रसाद र अर्कातिर भृकुटीमण्डपमा लोकतन्त्रको प्रदर्शन, शान्ति र मर्यादित रुपमा सम्पन्न भयो । राजावादीको प्रदर्शन पूर्ण हिंसात्मक बन्यो । राजावादी रणभूमि तीनकुनेले दुई जनाको ज्यानै गयो र सयौं घाइते बने । करौंडोको निजी र सार्वजनिक सम्पत्ति नष्ट गरे । सञ्चार गृह, पार्टी कार्यालय, व्यापारिक केन्द्र, औसधि कारखाना लागायत सावारी साधन ध्वस्त गरे । ढुंगामुडा, अश्लील शब्द, हुलडबाजि अपनाउदै सुरक्षाघेरा तोड्ने प्रयास भयो । कयौं सुरक्षाकर्मी घाईते बनाईयो । यो अराजकताको पराकास्ट हो । राजाबादि मन्चमा बसेका केही नेताहरु प्रदर्शनकारि लाई सुरक्षा घेरा तोडन उक्साईरहे, परिस्थिति तनाबग्रस्त हुदै गर्दा आफुहरुचांहि सुटुक्क भागे । उग्र भिडले उनकै नेताहरुलाई आक्रमण गर्ने मोडमा पुगिसकेको पनि केही भिडियो फुटेजबाट अनुमान गर्न सकिन्छ । किनकि राजाबादिहरुको यो आन्दोलन शान्ति, सदभाब र परिवर्तन भाको भए त, तेस्तै स्वभाब र शैलिका नेता, कार्यकर्ता र जनता उपस्थित हुन्थे होलान । सरकारका वा ब्वास्थाको कमजोरि बारे शालिन, सब्भ र संवेदनशिल बहस हुनसकिन्थयो होलाल? नीच, अराजक, क्रुर, सामन्ती राजा, तिनका भरोटे नेता, र मन्डले कार्यकर्ता बाट त्यति नै हुने हो दैखिने र भोग्ने हो ।

उता गणतन्त्रबादिहरु शान्तिपुरण, बिचारयोग्य र सदभावपुर्ण सम्पन्न भयो । सहभागितामा सुरक्षाकर्मीको बिचमा सामान्य बिबाद पनि बनेन । बाजागाजा, झाँकी, गीत सङ्गीत, नृत्य सहित बेजोड आत्मबलको साथ सम्पन्न गरे । हरेक सहभागीमा लोकतान्त्रिक शैली, आचरण, र गणतान्त्रिक मुल्य मान्यता को पुर्न अपनत्व झलकिन्थ्यो । नेताहारु गणतन्त्रलाई संस्थागत गर्ने सवाल आफूहरू विगतमा केही चुकेको र कमजोर गरेको कुरा जनतामा नढाटि आत्मआलोचना गर्दै तिय । जनता पनि आफ्ना नेतालाई जबाफदेही बनाउन खुलेर आलोचना गरेकै देखियो । नेता नसच्चिय नयां नेतृत्व परिवर्तन गर्ने तर लोकतन्त्रलाई जसरी पनि जोगाउने प्रणका साथ ।

**सरकारको कमजोर तयारी**

सरकारको तयारी पूर्णरुपमा असफल देखियो । सम्भावित विपतको आंकलन, प्रतिकार र व्यवस्थापन गर्न सक्ने तयारी र इच्छाशक्ति कतै देखिएन । दुई तिहाईको बलशाली सरकार इतिहासकै सबै भन्दा अल्पमतको सरकार को जति पनि होसियार, तत्परता देखिएन । प्रधानमन्त्रि, गृहमन्त्री र अन्य मन्त्रालयको बिचमा संयोजन, सहकार्य र विश्वास को वातावरण देखिएन । राजाबादि आन्दोलनप्रति सरकारमा सहभागी दलहरु को बिचमा आपसि समझदारि वा साझा धारणा पनि दैखियन । संसद अनिर्णयको बन्दि बन्यो । कुलनमान प्रकरणले सरकारले र न्केको रागोमा घ्युउ धप्ने काम गर्यो । आफैले ल्याएको अध्यायदेश संसदमा अनिश्चित प्रमाणिकरण होला जस्तो भईसकेको अवस्था छ । सम्रगमा सरकार जनतालाई शान्ति अमनचैन दिनबाट नराम्ररि चुक्यो । राजबादिका कतिपय मुद्दा जो जनताको प्रतक्ष्य सरोकारका बिसय पनि हुन, सरकारले सम्बोधन गर्नत परै जाउस, स्टन्टबाजि मै रमाईरयो । संसदका प्रतिपक्ष्य पार्टिहरु एकोहोरो सरकारको उछितो काट्नै समय खर्चियो, नकि जनताको डेलिभरीमा ।

**राजावादी आन्दोलनको परिणाम र कारबाही**

षड्यन्त्र, हत्या, हिंसात्मक, अराजक, र प्रतिक्रान्ति राजावादीहरू नेपाललाई पुन: अधिनायकवादी राज्य बनाउने षड्यन्त्रमा छन् । सडकमा हिंसा, आगजनी, तोडफोड गर्दै उनीहरू आतङ्क फैलाइरहेका छन् । ज्ञानेन्द्र शाह नागार्जुन दरबारभित्र सुरक्षित बसेर बाहिर जनतालाई भड्काउने, हिंसा मच्चाउने, अस्थिरता ल्याउने खेल खेल्दछन् । राजतन्त्रको कुनै विकल्प छैन भन्ने सपना देख्नेहरू देशलाई पुन: अधोगतितर्फ धकेल्ने प्रयास गर्दै छन् । राजावादी पार्टीहरु घरमै बसी बसी, लुक्लिुकी सामाजिक सञ्जालमार्फत जनता उक्साए । सडकमा आउने हिम्मत गरेन । ज्ञानेन्द्र शाह र उनका छांया तत्वहरु राप्रपा, राप्रपा नेपाल, केही धार्मिक संगठन, र अन्य पाखण्डी धर्मगुरु जो विवादित छन, निरन्तर जनता उक्साई रहे । फलस्वरूप परिणाम हिंसात्मक बन्यो ।

**अब के गर्ने त र?**

ज्ञानेन्द्र शाहलाई केवल नागार्जुन दर बारमा नजरबन्द गर्नु अपर्याप्त छ १ शान्ति, कानुनी शासन, र लोकतान्त्रिक मूल्य जोगाउन उनलाई स्थायी रूपमा जेलमा राख्न कानुनी प्रक्रिया अघि बढाउनुपर्छ १ रवीन्द्र मिश्र, नवराज सुवेदी, धवलसमशेर, दुर्गा प्रसाईं, कमल थापा, राजेन्द्रलिंदेन, लगायत, सम्पुरण अराजक प्रवृत्तिलाई छानबिन गरी तुरुन्त कारबाही गर्न जरुरी छ । सरकारले पूर्वराजा शाहको सुरक्षाका लागि सशस्त्र प्रहरीका १६ जना सुरक्षाकर्मीमा सिमित गरेको साकारात्मक छ । माहनगरले ज्ञानेन्द्र को नाममा कारबाही स्वरूप जरिवाना काटेको मा पनि सदुबाद । सरकारले सो कार्यान्वयन गर्न मेयर बालेलाई पूर्ण सहयोग गर्नु पर्छ । सकारले हिजो सन्चार गृह मा अनुगमन गऱ्यो जुन राम्रै हो, तर मृतक को परिवार, घाइते जनता र सुरक्षाकर्मी को बारेमा खासै चासो दुखाएन, जुन जरुरी छ ।

**देश किन यो मोड आयो त र?**
**लोकतन्त्रको अभ्यासलाई धमिल्याउने खेल कसले खेल्यो**

गणतन्त्र स्थापना भएको १६ वर्षपछि पनि देश अझै आर्थिक, सामाजिक रूपमा समृद्ध र राजनीतिक रूपमा स्थिर बन्न सकिरहेको छैन । यो विडम्बनापूर्ण स्थितिबाट मुलुकलाई बाहिर निकाल्न हामीले गरिरहेको विद्यमान राजनीतिक अभ्यासको निर्मम समीक्षा गर्न जरुरी छ । यस अस्थिरताका मुख्य जिम्मेवार निम्न छ वटा पक्षलाई मान्न सकिन्छ- एमाले, काँग्रेस, माओवादी, राजावादी शक्तिहरू, नागरिक समाज, र राष्ट्रिय स्वतन्त्र पार्टी यी सबै पक्षले लोकतान्त्रिक प्रक्रियामा त अवरोध पुऱ्याएका छन् नै, साथसाथै, समृद्धि र स्थायित्वका लागि आवश्यक कदम उठाउने भूमिकामा पनि असफल साबित भएका छन् । वर्तमान सरकार ९ कमजोर, निष्क्रिय, निर्णयहीनता नेपाल सरकार वर्तमान अवस्थामा आई पर्ने आर्थिक, सामाजिक र राजनीतिक संकट व्यवस्थापन गर्न असफल देखिएको छ । उसले न त लोकतन्त्रको संरक्षण गर्न सकिरहेको छ, न त दण्डहीनता रोक्न राजावादीहरू सडकमा हिंसा मच्चाइरहँदा सरकार निरीह र मुख दर्शक जस्तै मात्र देखिएको छ परिणाम स्वरूप निहत्था जनता, प्रहरी, पत्रकार, युवा, वृद्ध अनाहकमा हिंसाको सिकार भएका छन् । लोकतन्त्रलाई थप जोखिममा पर्नबाट जोगाउन गणतन्त्रको पक्षमा उभिने शक्तिहरू एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन । केपी ओली नेतृत्वको एमालेले लोकतान्त्रिक व्यवस्थालाई कमजोर पार्दै, विधि प्रक्रिया मिच्दै, र स्वेच्छाचारी शासन लाद्ने काम मात्र गऱ्यो । सर्वहाराको पार्टी, व्यवस्थित राजनीतिक दलका रूपमा रहेको एमालेलाई ओलीले पूर्ण रूपमा निरङ्कुश र एकलौटी रूपमा सञ्चालन गरिरहेका छन् । उनी जब जब सरकारको नेतृत्वमा आए निषेधको राजनीति, भ्रमपूर्ण राष्ट्रवाद, र जनतालाई झुकाउने रणनीतिमा मात्र केन्द्रित रहे ।

सत्ता जोगाउन उनले जस्तोसुकै असंवैधानिक निर्णय गर्नपछि परेनन् । यसर्थ, राजावादी र प्रतिक्रान्तिकारी शक्तिहरूलाई मौलाउने अवसर दिने प्रमुख जिम्मेवार एमाले नेतृत्व हो भन्दा फरक पर्दैन । ओली प्रवृत्तिले देशलाई अनिर्णयको बन्दी त बनायो नै साथसाथै संवैधानिक र संसदीय प्रक्रियालाई अवरुद्ध गऱ्यो, र लोकतान्त्रिक संस्थाहरूलाई पनि कमजोर बनायो । नेपाली काँग्रेस निर्जीव नेतृत्व, न दिशा न दृष्टि, तर तर गौरवशाली इतिहास नेपाली काँग्रेसको हालत अझ दयनीय छ । देशभरि लोकतन्त्र विरोधी शक्ति सक्रिय हुँदा काँग्रेसको नेतृत्व पूर्ण रूपमा असफल देखिएको छ । न त उसले लोकतन्त्र विरोधी शक्तिको खुलेर प्रतिवाद गर्न सकेको छ, न त स्पष्ट दृष्टिकोणसहित अगाडि बढ्न सकेको छ, सही र साहसिक निर्णय गर्न कहिल्याई गर्न नसक्ने काँग्रेस सत्ताको भागबन्डा मिलाउनमै अल्झिरहेको छ । इतिहासमा प्रजातन्त्रको ध्वजावाहक पार्टीमा आज न सक्षम नेतृत्व छ, न त स्पष्ट रणनीति छ, न त जनतासँग संवाद गर्ने आत्मबल छ । अहिले हेर्दा, राजावादीको षड्यन्त्र मौलाइरहँदा काँग्रेस मौन बसेर तमासा हेर्ने अवस्थामा पुगेको छ । लोकतन्त्रको नाममा पार्टी भित्र मोलाउँदै गरेको देउवा तन्त्र, परिवारबाद, सामन्तवाद, राजतन्त्र र अन्ध हिन्दु राष्ट्रवाद जस्ता प्रतिगमनकारी क्रियाकलापले प्रतिगामी अभ्यासप्रति उसको मौन स्विकृतिलाई प्रमाणित गर्छ । त्यसमाथि गगन, विश्वप्रकाश, सेखर जस्ता नेता को ढुलमुले नीति र अहम् समयमा ठोस निर्णय लिन नसक्ने असक्षमताका कारण पार्टीको अस्तित्व नै धराशायी हुन बेर छैन । ।

रुमाओवादीस् हिंस्रक अतीत, भ्रष्टाचार, तर गणतन्त्रको लडाइँमा अझै अगाडि माओवादी आन्दोलन नेपालको गणतन्त्र स्थापनाको मुख्य शक्ति हो । तर द्वन्द्वकालीन हिंसा, भ्रष्टाचार, सत्ता लिप्सा र अवसरवादले माओवादीको नैतिक धरातल कमजोर बनायो । सत्ता र सौदाबाजीको खेलले माओवादी कमजोर बन्यो, तर गणतन्त्रको सवालमा अझै निर्णायक रूपमा उभिन सक्ने पार्टी माओवादी नै देखिन्छ । यद्यपि, प्रचण्डको निरङ्कुश शैली, परिवारवाद र पदलोलुपता यसको प्रमुख बाधक देखिन्छ । माओवादीले पनि अब आत्मालोचना गर्दै लोकतान्त्रिक मूल्यमान्यता अँगाल्न सकेन र समयमै कम्जोरो सुधार्न सकेन भने निकट भविष्यमा विलीन हुने निश्चित छ । शान्ति प्रक्रिया को बांकि काम सम्पन्न गर्न जति भाषणमा ठुला कुरा व्याहारमा प्रतिबद्धता देखिएन ।

**अबको गन्तव्य**

लोकतन्त्रमा पार्टीहरू आलोचित हुन, बिग्रिन, कुहिन, गनाउन, वा असफल हुन सक्छन्, तर त्यसलाई सफा वा सुधार्न पनि लोकतान्त्रिक विधि नै चाहिन्छ । सडक, सदन र समाज मा जसरी राजनीतिक दलका नेतालाई खुलेर विरोध गर्ने गरिएको छ । के यो राजाको शासनमा सम्भव थियो रु केपी, प्रचण्ड, देउवा, माधवलाई जसरी ज्ञानेन्द्र शाहलाई जथाभाबी गाली गर्न उनको राजकलामा सम्भव होला त निरंकुस र वंशीय राज्यव्यवस्था कदापि सम्भव छैन । यदि राजा आएछन् भने जनताले आजको जस्तो अतभुत वाक स्वतन्त्रता पाउलानरु कुनै ग्रमिण, गरिब, दलित, महिला, जनजाति सो स्वतन्त्र नागरिको रुमपा राज्ज संरचनाको उपल्लो सिंडिमा लोकतान्त्रिक प्रक्रियाबाट उक्लन सक्ला?

एमालेको अवसरवाद, काँग्रेसको निष्क्रियता र माओवादीको सत्ता लुप्सा, नयाँ दलको अपरिपक्व राजनीति प्रवृत्ति सुधार गर्दै लोकतन्त्रको रक्षा गर्न अब निर्णायक सैर्ष गर्नुपर्छ । लोकतन्त्र जोगाउन सक्दो बल गरौं इतिहासलाई पछाडि फर्कन नदिऔं । जनतालाई लोकतन्त्रको उपहार सुशासन, समृद्धि र शान्ति दिन इमानदार बनौं । जनतालाई डेलिभरी चाहिएको छ । यस घटनाले सरकार र राजनीतिक दलहरू र नागरिक समुदाय, मडिया लागयतलालाई नयाँ सोच र सकारात्मक कार्यतर्फ अगाडि बढ्न प्रेरित गरोस । राजाबादिहरु हिंसा होईन, शान्तिपुर्ण लोकतान्त्रिक तवरले आफ्नो ऐजेन्डालाई संमबिधान संम्बत अगाडि बढाउ । नवाराजबादि जो राजालाई देखाएर बितन्डा मच्चाउन खोजिराछन, तिनले आफुलाई त लगभग सिध्याईसके, तपाईहरुलाई पनि सिध्याउछन, किनकि मतिहिन ज्ञानेन्द्र कता ढल्किन्छन् कसलाई के था । चेतना भया ।

*(साभार: न्यूज अफ नेपाल)*

# विश्व नेवा संगठन किन ?

✍डा. बालगोपाल श्रेष्ठ

विश्व नेवा संगठनको नेपाल शाखाले मार्च ३० देखि अप्रिल १ (तीन दिन) सम्म नेपालमा 'ग्लोबल नेवा कन्फेरेन्स' सम्पन्न गरेको थियो । त्यस सम्मेलनले हरेक वर्ष अङ्ग्रेजी महिना मार्चको अन्तिम शनिबार 'विश्व नेवा दिवस' मनाउने निर्णय गऱ्यो । सोही अनुरूप यसपालि 'विश्व नेवा दिवस' मनाईंदै छ । सन् २०१८ मार्च ३० देखि मार्च ३१ मा पहिलोपटक काठमाडौंमा 'विश्व नेवा दिवस' मनाइएको हो । विश्वभरि छरिएर रहेका नेवाहरू एकत्रित भएर आफ्नो संस्कृति, संस्कार, भाषा, कला र साहित्यको कुनै न कुनै रूपले स्मरण गरुन् भन्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो । जुनसुकै मुलुक वा ठाउँमा रहे-बसेका नेवा समुदायले आ-आफ्नै तरिकाले विश्व नेवा दिवस मनाउन सक्छन् । विश्व नेवा दिवसको थालनी गर्ने 'वर्ल्ड नेवा अर्गनाइजेसन' अर्थात् विश्व नेवा संगठन कसरी जन्म्यो त ? आउनुस्, यसबारे चर्चा गरौं ।

**पृष्ठभूमि**

लामो समयदेखि नेवाहरू रोजगारी, शिक्षा तथा अन्य कारणले नेपालबाहिर युरोप, अमेरिका, जापान, अस्ट्रेलिया आदि मुलुकमा बसोबास गर्दै आएका छन् । यो प्रक्रिया १९९० को दशकमा झनै व्यापक भयो । जहाँ-जहाँ नेवाहरूको संख्या बढ्न थाल्यो, त्यहाँ उनीहरूले नेवा संघ-संस्था (खल, पुच, गुथि) स्थापना गर्नुपर्ने आवश्यकता महसुस गरे । नेवा संस्कृतिको संरक्षण, चाडपर्वको परम्परा कायम राख्ने उद्देश्यले थुप्रै नेवा संघ-संस्था गठन भए पनि विभिन्न देशमा रहेका नेवाबिच विचार आदान-प्रदान गर्ने साझा सञ्जालको भने अभाव थियो । यही अभाव पूर्ति गर्न विश्व नेवा संगठन (वर्ल्ड नेवा अर्गनाइजेसन- डब्लुएनओ, नेपालभाषामा, हलिं नेवा दबु) स्थापना गरिएको हो ।

नेपालमा जस्तै विदेशमा रहेका विभिन्न नेपाली जातीय समूहहरू पनि आफ्नो भाषा, संस्कृति र पहिचान बचाइराख्न आफ्नै संगठन बनाउने आवश्यकता महसुस गर्छन् । सन् १९९६ ताका नै संयुक्त राज्य अमेरिकामा बसेका नेवाहरूको एक बैठकले अन्तर्राष्ट्रिय नेवा सम्मेलनको अवधारणा अघि सारेको थियो । पछि अमेरिकामा रहेका त्रिभुवन तुलाधर, दयारत्न शाक्य, दिव्य हाडा लगायत व्यक्तिले नेपाल र विदेशमा रहेका नेवासँग छलफल गर्न थाले । सन् २००० मा त्रिभुवन तुलाधरले मलाई इमेलमार्फत सम्पर्क गरी अन्तर्राष्ट्रिय नेवा सम्मेलन आयोजना गर्ने विषयमा छलफल गर्नुभयो । तर उक्त प्रयास तत्काल सफल हुन सकेन । केही वर्षसम्म यो प्रक्रिया अवरुद्ध भयो ।

सन् २००५ मा नेपालका महेश्वर श्रेष्ठले सामाजिक सञ्जाल 'नेसोका' इमेल समूह सुरु गरे । पछि क्रमश: विभिन्न टेलिकन्फ्रेन्स र स्काइप सम्मेलनहरूको सुरुवात भयो । नेपालमा महेश्वर श्रेष्ठ, अर्थ तुलाधर, नरेश शाक्य लगायत व्यक्तिले विभिन्न गतिविधि सञ्चालन गरे । सन् २००९ देखि विभिन्न देशका नेवाबिच लामो छलफल भए । अन्तत: २१ अगस्ट २०१० का दिन बसेको एक बैठकले अमेरिकामा भएका एका दयारत्न शाक्यको संयोजकत्वमा विश्व नेवा संगठनको तथर्थ समितिको औपचारिक घोषणा भयो ।

अन्तत: नेपाल संवत् ११३२ कछलाथ्व ३, ४ र ५ (सन् २०११ अक्टोबर २९, ३० र ३१) तीन दिन लन्डन विश्वविद्यालयमा 'पासा पुच गुथि युके'को सहयोगमा विश्व नेवा संगठनको पहिलो महाधिवेशन सम्पन्न भयो । स्थानीय 'पासापुच गुथि' तथा विभिन्न देशका नेवार प्रतिनिधि र नेपालबाट पाल्नुभएका प्रमुख अतिथि शताब्दी पुरुष सत्यमोहन जोशी र विशिष्ट अतिथिहरू, प्रोफेसर माणिकलाल श्रेष्ठ, मानवतावादी नेता पदमरत्न तुलाधर, डा. महेशमान श्रेष्ठ, प्रा. प्रेमशान्ति तुलाधर लगायत व्यक्तित्वहरूको उपस्थितिमा सम्पन्न उक्त महाधिवेशनले वर्ल्ड नेवा अर्गनाइजेसनको घोषणा भयो । सो महाधिवेशनले पहिलो अध्यक्ष पद सम्हाल्ने जिम्मा मलाई दियो ।

तीनदिने सो प्रथम विश्व नेवा सम्मेलनले नेपालमा एउटा जाति विशेषबाट राज्यसत्तामा एकलौटी हालमुहाली गरी अरु आदिवासी जनजातिलाई विभेद र सीमान्तकृत गर्दै आएकामा विरोध गर्दै नेपालको राष्ट्रिय एकताका लागि आवाज बुलन्द गर्न विश्वभरका विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थालाई अनुरोध गरेको थियो । नेपालभित्र रहेका र बाहिर बसोबास गर्दै आइरहेका नेवारहरूको सरोकारको विषयमा पाँचबुँदे लन्डन घोषणापत्र जारी समेत गरियो ।

**पाँचबुँदे लन्डन घोषणापत्र**

१) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ लाई नेपाल सरकारले अनुमोदन गरिसकेपछि यो महासन्धि नेपालको कानुनसरह हो । यसको धारा २८.१ अनुसार नेपालका आदिवासी जनजाति बालबालिकाले आ-आफ्ना मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था गर्ने जिम्मेवारी नेपाल सरकारको हो । त्यस्तै, धारा २०.३ अनुसार आदिवासी जनजातिको भाषा, संरक्षण र प्रवर्द्धनको अधिकारको सुनिश्चितता दिने दायित्व नेपाल सरकारको हो । छिटै आफ्नो जिम्मेवारी पूरा गर्दै देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा उकास्न सरकार लाई अनुरोध गर्दछौं ।

२) नेपालको प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतन्त्रका लागि भएका विभिन्न आन्दोलनमा अग्रपंक्तिमा रही आफूलाई समर्पण गर्ने नेवारहरू आजसम्म विभेदमा पारिएका छन् । आदिवासी नेवारले आफ्नो अस्तित्वका निम्ति संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ निर्माण गरिने संविधानमा नेवारहरूको स्वशासन र अग्राधिकार हुने नेवा स्वायत्त र स्वशासित प्रदेश अनि अन्य जातीय स्वशासित प्रदेश सुनिश्चित गर्न निरन्तर आन्दोलन गरिरहेका छन् । देशभित्र भइरहेको नेवारहरूको यो आन्दोलनप्रति समर्थन र ऐक्यबद्धता प्रकट गर्दै आन्दोलनलाई अगाडि बढाउन हामीले सक्दो योगदान गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

३) आदिवासी नेवारहरूको आदिभूमि भित्रको काठमाडौं उपत्यकामा बिग्रँदो वातावरणले गर्दा यहाँका अमूल्य विश्वसम्पदा संकटमा परेका छन् । विश्व सम्पदाले भरिएको यो उपत्यका संरक्षण र संवर्द्धनका लागि पाइला चाल्दै आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न नेपाल सरकारमा माग गर्दछौं ।

४) दैनिक सरकारी कामकाजमा र सांस्कृतिक कार्यक्रममा नेपाल संवत्लाई सरकारी संवत् अनुसार प्रयोग गर्ने नेपाल सरकारको निर्णय छ, त्यसलाई यस विश्व सम्मेलनले स्वागत गर्दछ । यस निर्णयलाई तत्काल लागू गर्न हामी अनुरोध गर्दछौं साथै एक शताब्दीअघिदेखि जबर्जस्ती लादिएको विक्रमसंवतलाई सरकारी प्रयोगबाट हटाउन पनि माग गर्दछौं ।

५) विश्व नेवा: दबूको उद्देश्य पूरा गर्नका लागि करिब १३० राष्ट्रमा छरिएर रहेका नेवारहरूलाई संगठित हुन यो सम्मेलन अनुरोध गर्दछ ।

**संगठन विस्तार**

विश्व नेवा संगठन वास्तवमा नेपालबाहिर विभिन्न देशमा बसोबास गर्दै आएका नेवा समुदायको संयुक्त संस्था हो । विश्व नेवा संगठनको मुख्य काम विश्वभरका नेवाहरूसँगको सम्बन्ध सुदृढ गर्नु र नेपालमा नेवा जातिको हक-अधिकारको निमित्त आवाज बुलन्द गर्नु हो । यसको स्थापना भएपछि यसले विश्वभरका नेवारसँग अन्तर्क्रिया गर्ने कार्य सक्रिय रूपमा अघि बढायो । विभिन्न देशमा 'डब्लुएनओ'का शाखा स्थापना भइसकेका छन् भने पहिले नै स्थापित भएका नेवा संघ-संस्थाहरूसँग सहकार्यको सम्बन्ध बढाउने तथा प्रत्येक देशमा रहेका नेवारलाई 'डब्लुएनओ'को शाखा स्थापना गर्न प्रोत्साहित गर्ने काम भयो । यसको मुख्य उद्देश्य नेवा नेवाहरू बिचको सम्बन्ध मजबुत बनाउनु थियो ।

लन्डनपछि नेपालमा दोस्रो महाधिवेशन समयमै सम्पन्न गर्ने सबै तयारी पूरा भइसकेको थियो । तर नेपालमा राजनीतिक अस्थिरता र पछि भूकम्पको कारणले निम्त्याएको दु:खद अवस्थाका कारण महाधिवेशन नेपालको सट्टा अमेरिकाको बाल्टिमोर, मेरिल्यान्डमा गर्नुपर्ने भयो ।

क्रमश: पृष्ठ-३....

# राजावादीकै बदनाम गराए दुर्गा प्रसाईंले



काठमाडौं/राजसंस्था फर्काउने उद्देश्यले जनआन्दोलन घोषणा गर्न भनेर १५ चैतमा तीनकुनेमा आयोजित सभा हिंसात्मक बनेपछि राजावादी आन्दोलन बिथोलिएको छ । पत्रकार सुरेश रजक सहित दुई जनाको ज्यान लिनेगरी भएको हिंसात्मक प्रदर्शनमा लुटपाट, तोडफोड र आगजनी जस्ता गतिविधि भएका छन् भने प्रहरीले अश्रुग्यास र गोली प्रहार गरेका थिए । उक्त हिंसात्मक घटनाका दोषीमाथि कार्बाही गर्ने प्रक्रिया अन्तर्गत राजावादी प्रदर्शनमा सामेल भएका र त्यसको नेतृत्व गरेकाहरू पक्राउ पर्ने क्रम चलिरहेको छ ।

पक्राउ पर्नेमा पूर्वपञ्चहरुको पार्टी राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवल शमशेर राणा समेत छन् । राजा फर्काउने जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीलाई घरमै नजरबन्द गरिएको छ । सुवेदी नजरवन्दमा परेपछि प्रेस विज्ञप्ति जारी गरी जगमान गुरूङलाई संयुक्त आन्दोलन समितिका संयोजक तोकेका छन् । तर त्यसदिनको प्रदर्शनमा कमाण्डर तोकिएका दुर्गा प्रसाईं भने फरार छन् । आइतबार एक भिडियो सार्वजनिक गर्दै राजधानीको कुनै मन्दिरमा बसिरहेको जानकारी दिएका छन् । त्यसदिनको राजावादी आन्दोलन हिंसात्मक बन्नुमा तिनै प्रसाईंको मुख्य भूमिका देखिन्छ ।

पहिलेबाटै 'बल प्रयोग, कब्जा र आक्रमण' जस्ता कार्यबाट राजा फर्काउने सार्वजनिक अभिव्यक्ति दिने प्रसाईंले त्यसदिन प्रहरीको घेरा तोडेर संसद् भवनतिर बढेका थिए । जबर्जस्ती गाडी अगाडि बढाएर प्रसाईंले उक्साएको भीडलाई राप्रपाका रवीन्द्र मिश्र र धवल राणाले साथ दिएका थिए । अहिले मिश्र र राणा पक्राउ पर्दा प्रसाईं फरार छन् ।

अनि पूर्वराजा ज्ञानेन्द्र शाहले भने तिनै प्रसाईंलाई बढी विश्वास गरेका छन् । रवीन्द्र मिश्र र धवल शमशेरहरुले आफ्नै अध्यक्ष राजेन्द्र लिङ्देनलाई भन्दा बढी विश्वास दुर्गा प्रसाईंलाई गर्नुले पनि पूर्वराजा ज्ञानेन्द्रको संकेत अनुमान लगाउन सकिन्छ । अझ नवराज सुवेदी नजरबन्दमा राखिए पछि जगमान गुरुङ संयोजक बन्नुले पनि ज्ञानेन्द्र शाहले राप्रपालाई बढी महत्व नदिएकै थप पुष्टि हुन्छ ।

तर प्रसाईंले नेतृत्व लिएको तीनकुने प्रदर्शनले पहिलो दिन नै राजावादी आन्दोलनलाई रक्षात्मक र बद्नाम बनाएको छ । राप्रपाका कतिपय नेताहरू नै पूर्वराजा ज्ञानेन्द्र शाहले दुर्गा प्रसाईप्रति विश्वास गरेर गल्ती भइरहेको निष्कर्षमा छन् । 'यदि राजसंस्था फर्कन्छ भने राप्रपाकै संगठित प्रयत्न र जनताको साथबाट फर्कन्छ' राप्रपाका एक नेता भन्छन्, 'दुर्गा प्रसाईको हो-हल्ला र अराजक कुरामा केही मानिस सडकमा निस्किएला । अहिलेको प्रणाली बदल्ने तागत सिर्जना हुनेमा शंका छ ।'

आफ्नै नेताहरू समेत पक्राउ परेपछि शनिबार राप्रपाको केन्द्रीय कार्य सम्पादन समितिको बैठक बसेको थियो । उक्त बैठकले तिनकुने प्रदर्शन हिंसात्मक बन्नुमा सरकार जिम्मेवार रहेको निष्कर्ष निकालेको छ । आफ्ना नेताहरुलाई रिहा गर्न माग पनि राखेको छ । तर दुर्गा प्रसाईं नेतृत्वमा चलेको घटनाको पूर्ण अपनत्व भने नलिएर निष्पक्ष छानबिन आयोगको माग राप्रपाले गरेको छ । अर्थात् दुर्गा प्रसाईं नेतृत्वको तिनकुने प्रदर्शनप्रति राप्रपा संस्थागत रुपले सन्तुष्ट छैनन् । बरू राप्रपाभित्र रहेको अन्तरसंघर्ष तिनकुने प्रदर्शनले छताछुल्ल बन्न पुगेको छ ।

शनिबारको बैठकमा अध्यक्ष लिङदेनले तिनकुने प्रदर्शनपछिको अवस्था कसरी अगाडि बढ्छ भन्ने कुरा सरकारले लिने आगामी कदममै भर पर्ने बताएका छन् । 'सरकारले सम्वाद र सहमतिको बाटो रोज्छ अथवा निषेधतिर जान्छ, त्यसैअनुसार भावी राजनीतिक कार्यदिशा तोकिन्छ भन्ने निष्कर्ष अध्यक्षले सुनाउनु भएको छ', लिङ्देन निकट एक नेता भन्छन् । राप्रपाले आफ्ना नेताको रिहाइलाई सर्त मानेको बुझिन्छ ।

तर दुर्गा प्रसाईंको हकमा राप्रपा अध्यक्ष लिङदेन उति धेरै सकारात्मक छैनन् । लिङ्देन सकारात्मक नभएकैले रवीन्द्र मिश्र र धवल शमशेर राणाहरुले पार्टी भन्दा बाहिर बनेको संयन्त्रमा रहेर आन्दोलन चर्काउने बाटो रोजेको थिए । अर्थात् दुर्गा प्रसाईलाई ज्ञानेन्द्र शाहले विश्वास गर्दा राप्रपा समेत एकताबद्ध थिएन । प्रदर्शन हिंसात्मक बनेपछि त राजावादी झुकाव राख्ने पंक्तिमा समेत नैतिक संकट आइलागेको छ ।

**दलहरू छोडेर राजातिर**

बहुदलपछिका तीन दशकदेखि राजसंस्था भनिरहेको राप्रपाका नेताहरुलाई भन्दा बढी पूर्वराजा ज्ञानेन्द्रले विश्वास गरेका प्रसाईं राजावादी बनेको धेरै भएको छैन । उनी खुलेर राजावादी अभियानमा लागेको १ फागुन २०७९ बाट हो । प्रचण्ड नेतृत्व सरकारले जनयुद्ध दिवसको सार्वजनिक विदा दिएकै दिन प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र सहित पत्नी कोमल र छोरा पारसलाई झापा लगेर सार्वजनिक कार्यक्रम गरेका थिए । यही कार्यक्रमपछि प्रसाईंलाई एमालेले केन्द्रीय सदस्य र उद्योग विभागको उपप्रमुखबाट हटाउने निर्णय लियो ।

अर्थात ज्ञानेन्द्रलाई झापा नलगेसम्म प्रसाईं एमालेकै नेता थिए । उनी राजावादी राप्रपाको विरोध गर्थे । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनविरुद्ध चुनाव नै लड्ने तयारीमा थिए । सामाजिक सञ्जालहरुमा प्रसाई आफैले दिएको अभिव्यक्ति अनुसार चुनाव लड्न झापा-३ मा उनको गतिविधि केन्द्रीत थियो । भोट बटुल्न राम्रै लगानी पनि गरिसकेका थिए ।

तर प्रसाईंको अपेक्षा बमोजिम एमालेले निर्णय गरेन । प्रसाईलाई टिकट नदिएर झापा-३, राजेन्द्र लिङदेनका निम्ति छोड्ने एमालेले निर्णय लियो । बदलामा राप्रपाले झापा-५ मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई समर्थन गर्ने निर्णय गर्‍यो । आफूलाई पन्छाएर लिङदेनसँगै ओलीले सहमति गरेपछि प्रसाई भड्किए । अनि आफ्नै नेतृत्वमा राजा फर्काउने अभियान सुरू गरे । देशका विभिन्न भू-भागमा गतिविधि गर्दै हिडे ।

एमाले हुँदा प्रसाईंलाई केपी ओलीकै बलियो साथ थियो । प्रसाईंलाई पार्टी जिम्मेवारी दिने निर्णयमा एमालेका थुप्रै नेताहरुको चर्को असहमति थियो । विशेषगरी झापा एमालेका नेताहरुले प्रसाईंलाई रोक्न खोजेका थिए ।

कतिसम्म भने चितवनमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनमा प्रसाईंलाई केन्द्रीय सदस्य नबनाउन झापा एमालेका नेताहरुले पार्टी नेतृत्वसँग सामूहिक आग्रह नै गरेका थिए । स्रोतका अनुसार अध्यक्ष केपी शर्मा ओली, तत्कालिन उपमहासचिव विष्णुप्रसाद पौडेल र स्थायी कमिटी सदस्य सुवास नेम्वाङलाई भेटेरै झापा एमालेका नेताहरुले प्रसाईलाई केन्द्रीय सदस्यको हैसियत नदिन आग्रह गरेका थिए ।

उनीहरुको डेलिगेसन पछि १०-१४ मंसिर, २०७८ को चितवन महाधिवेशनले प्रसाईंलाई केन्द्रीय सदस्य चयन गरेन । तर काठमाडौं आउनासाथ ओलीले प्रसाईंलाई केन्द्रीय सदस्य मनोनीत गरे । २ माघ २०७८ मा प्रसाईले उद्योग विभागको उपप्रमुखकै जिम्मेवारी पाए । एमाले नेताको हैसियत भने प्रसाईंले १५-१९ असोज २०७८ मा सम्पन्न प्रथम विधान महाधिवेशनबाट पाएका थिए । गोदावरीमा सम्पन्न उक्त विधान महाधिवेशनमा प्रसाईं आफैले केन्द्रीय सदस्यको कार्ड प्रिन्ट गरेर भिरेका थिए । तर उनलाई रोक्ने हैसियत एमाले पंक्तिमा थिएन । ओलीलाई 'हजुर बा' नाता लगाएर बोल्दै हिड्ने प्रसाईंलाई महाधिवेशनका स्वयम सेवकहरुले कुनै रोक लगाएका थिएनन् । एमालेमा हुँदा प्रसाईंको लक्ष्य थियो- एमालेको केन्द्रीय नेता र सांसद बन्ने ।

ओलीको साथ पाउँदा केन्द्रीय नेता बनेपनि सांसद बन्न पाएनन् । सांसदको उम्मेदवार बन्न झापा-३ बाट प्रसाईले आफ्नो नाम एकल रुपमा सिफारिस गरिनुपर्ने अडान लिएका थिए । तर झापा एमालेले मोहन रेग्मी, बसन्त बानियाँ, हरि राजवंशीहरुको ननाम अघिल्लो पंक्तिमा राखेर प्रसाईंलाई सातौं नम्बरमा सिफारिस गरियो । आफ्नो नाम सातौं नम्बरमा राखिएपछि पार्टी बैठकमा प्रसाईंले मुखै छाडेर बोलेका थिए । 'मैले हजारौं सिरक बाँडिसके, हजारौं घर बनाएँ । तर नाम सात नम्बरमा छ, अब मलाई चाहिएन' प्रसाईंले त्यो बैठकमा भनेका थिए ।

नभन्दै प्रसाईंले टिकट पाएनन् र एमाले छोडे । एमाले हुनु अघि प्रसाईं माओवादी थिए । २०७४ सालको चुनावमा वाम एकता भएकाले ओली र प्रचण्ड झापा जाँदा प्रसाईंले खाना खुवाएका थिए । आफू सहित ओली र प्रचण्डले चरेसको थालमा मासीको भात खाएको तस्वीर सार्वजनिक गरेर प्रसाई राष्ट्रिय राजनीतिमा चिनिए ।

त्यसअघि प्रसाईलाई उति धेरैले चिन्दैन थिए । तर प्रचण्डसम्मै पुग्ने हैसियत उनले बनाइसकेका थिए । तेह्रथुम पुर्खौली घर भएका प्रसाईं ससुरालीको सम्पत्ति हडप्न माओवादी भएका थिए । सालाहरुविरुद्ध मुद्दा हाल्ने र माओवादीको ब्यानरमा आक्रमण गर्ने जस्ता गतिविधिमा प्रसाईं तानिएका थिए । माओवादी हुनु अघि प्रसाईं कांग्रेस थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'वसन्त'को 'हेर्दै आँखामा' गीतमा रोमान्टिक प्रकाश र स्वस्तिमा







काठमाडौं/गायक तथा अभिनेता प्रकाश सपूतको पहिलो निर्देशकीय फिल्म 'वसन्त'को नयाँ गीत 'हेर्दै आँखामा' सार्वजनिक गरिएको छ । आइतबार साँझ गायक सपूत स्वयंको युट्युब च्यानलबाट सार्वजनिक रोमान्टिक भावको गीतमा सुगम पोखरेल र समीक्षा अधिकारीको पार्श्व गायन, प्रकाश स्वंयको शब्द रचना तथा संगीत र योगेश काजी शाहको संगीत संयोजन रहेको छ ।

केविका खत्रीको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता प्रकाश सपूत र अभिनेत्री स्वस्तिमा खड्का प्रेमिल भावमा देखिएका छन् । उनीहरुको हिन्दू, मुस्लिम र क्रिश्चियन परम्पराअनुसार विवाह भएको देख्न सकिन्छ । यसबाट हरेक धर्मका मानिस एकै हुन् भन्ने सन्देश दिन खोजिएको छ । प्रकाशले फिल्मको कथालाई गीतले चित्रण गरेको बताए ।

यही चैत २२ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा प्रकाश र स्वस्तिमासहित प्रभात पाल ठकुरी, श्री शिभान्सी, उर्मिला लाम्गादे, खड्क बहादुर पुन (खबपु), अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे, विशाल पहारी लगायतको अभिनय छ । गत साता सार्वजनिक ट्रेलर हेर्दा फिल्मले जातीय विभेदको कथा उठाएको देखिन्छ ।

गलबन्दी प्रोडक्सनको प्रस्तुति रहेको फिल्ममा प्रकाश स्वयंको कथा, पटकथा तथा संगीत छ । सुसन प्रजापतिको छायांकन रहेको फिल्मको निर्मातामा मोहन विश्वकर्मा र बिन्दु बोहोरा तथा कार्यकारी निर्मातामा अनुरोध भट्टराई, नाना थकाली र विरेन्द्र नारायण श्रेष्ठ छन् ।

विश्वकर्मा समुदायको छोराको लेखक बन्ने सपना र आफ्नो लक्ष्य हासिल गर्न उसले गर्ने संघर्षको कथा फिल्मले भन्नेछ ।

# 'नरसिंहा'बारे राजेश हमाल : 'दर्शकका लागि सरप्राइज हुनेछ'

काठमाडौं/कुनै बेला नेपाली फिल्म क्षेत्रलाई काँध हालेर स्टारडमको मानक खडा गरेका अभिनेता राजेश हमाल फिल्म 'नर सिंहा: अवतार'बाट ८ वर्षपछि ठूलो पर्दामा देखिँदैछन् । यही चैत २९ गते फिल्मलाई प्रदर्शन गर्न खोजिएको भए पनि पोस्टको काम नसकिँदा अब आगामी जेठमा रिलिजको तयारी गरिएको छ । भोलि (सोमबार) फर्स्टलुक पोस्टरमार्फत् फिल्मको प्रदर्शन मिति घोषणा गरिँदैछ ।




यसैबीच, फिल्मको डबिङ सकिएको छ । शनिबार हमालले स्वर भरेसँगै डबिङ सकिएको हो । उनले डबिङमा अन्तिम वाक्यको रुपमा 'के तपाईं मलाई बेवकुफ सम्झिनुहुन्छ या साँच्चिकै पागल' भन्ने डाइलग बोलेका थिए । उनीभन्दा अगाडि अरु कलाकारको डबिङ भइसकेको छ । उनी फिल्मको छायांकन सकिनसाथ विदेश भ्रमणमा गएकाले उनको डबिङ सबैभन्दा पछाडि भएको हो ।

डबिङ सकिएपछि उनी फिलमलाई लिएर आशावादी र उत्साहित देखिएका छन् । 'दर्शकले मलाई यसपटक फरक अवतारमा देख्नुहुनेछ । र, दर्शकका लागि यो फिल्म सरप्राइज हुनेछ,' उनले भने । ८ वर्षपछि कमब्याक गरेकाले उनलाई 'नरसिंहा' सफल हुनैपर्ने ठूलो दबाब छ । उनका पछिल्ला केही फिल्म सफल हुन सकेका थिएनन् । यसमा उनले प्रहरीको भूमिका निभाएका छन् ।

दीवाकर भट्टराईको निर्देशनमा तयार भएको फिल्ममा हमालसहित सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिषा भट्टराई, उषा खड्गी, अर्जुन श्रेष्ठ, प्रशान्त ताम्राकार, नीर शाह, रमेश चन्द सोडारी, प्रकाश कुँवर, राजिभ जंग बस्नेत, दीपा शाही, प्रभु श्रेष्ठ, अमित गिरी, एभेलिना खड्का लगायतको अभिनय छ । फिल्ममा दीपक शर्मा ढकाल, नरेन्द्र महर्जन र ध्रुव न्यौपानेको लगानी छ ।

# विश्व नेवा संगठन...

दोस्रो महाधिवेशन सन् २०१६ को मार्च २५, २६ र २७ मा बाल्टिमोर, मेरिल्यान्ड, संयुक्त राज्य अमेरिकामा आयोजित थियो । विश्व नेवा संगठनको अमेरिका च्याप्टर र नेवा अर्गनाइजेसन अफ अमेरिका तथा पासा पुच अमेरिकाको संयुक्त आयोजनामा दोस्रो महाधिवेश सम्पन्न भएको थियो । सो महाधिवेशनले अमेरिका निवासी सिजन श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गर्‍यो । तेस्रो महाधिवेशन सन् २०१९ मार्च २८, २९, ३० मा नेपालमा सफलतापूर्वक सम्पन्न भयो । त्यस्तै, चौथो महाअधिवेशन फेरि अमेरिकाको न्युयोर्कमा सन् २०२२ को अगस्ट ५, ६ र ७ मा सम्पन्न भयो भने उक्त महाधिवेशनले संयुक्त श्रेष्ठको अध्यक्षतामा एक नयाँ कार्यसमिति चयन गर्‍यो ।

डब्लुएनओको स्थापना भएपछि नेपालभित्र र बाहिर नेवा समुदायका गतिविधिमा उल्लेखनीय उत्साह देखिएको छ । विशेषगरी विश्व नेवा मञ्चले नेपालबाहिर नेवा अधिकारबारे सचेतना जगाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । विश्व नेवा संगठनले नेवाहरूको जातीय तथा भाषिक अधिकारका साथै उनीहरूको छुट्टै पहिचानका लागि विश्वभरका नेवालाई एकजुट गराउने प्रयास गरिरहेको छ ।

विश्व नेवा संगठनको स्थापनापछि विभिन्न देशमा रहेका नेवा संघ-संस्थाहरूसँग सहकार्य बढ्दै गएको छ । विश्व नेवा संगठनले कुनै पनि देशमा विद्यमान नेवा खल, पुच, गुथि, समाज वा अन्य कुनै नाममा गठित संस्थाहरूलाई विश्व नेवा संगठनमा सदस्यका रूपमा सामेल गर्ने नीति लिएको छ । विश्व नेवा संगठनको उद्देश्यानुसार काम गर्न यति मात्रै पर्याप्त नहुने भएकाले यसको अलाबा विश्वका विभिन्न देशमा विश्व नेवा संगठनको शाखा खोल्ने प्रयास यसको स्थापनाकालदेखि नै जारी छ । नेवा संस्था नभएका देशमा विश्व नेवा संगठनको शाखा खोल्न कुनै समस्या नभए पनि जहाँ नेवा संघ-संस्था विद्यमान छन्ह त्यहाँ विश्व नेवा संगठनको स्थापना गर्न नेवा संघ-संस्थासँगको परामर्शमा द्वन्द्वविना अगाडि बढ्नु चुनौतीपूर्ण छ ।

नेपालमा धेरै नेवा संघ-संस्था छन् र विश्व नेवा संगठन मुख्यतया नेपाल बाहिरको नेवा संस्था हो । अगस्ट २०१२ मा विश्व नेवा संगठनले नेपालमा आफ्नै च्याप्टर स्थापना गर्‍यो । नेपाल, अमेरिका, जर्मनी, नेदरल्यान्ड, जापान, भारत र बेलायतमा च्याप्टर खोलिसकिएको छ भने विभिन्न अरब देशहरू, मध्यपूर्व र पोर्चुगलमा च्याप्टर खोलिसकेका छन् । तर धेरै देशमा शाखा गठन हुन बाँकी रहेको छ ।

**उपलब्धि**

विश्वभरि छरिएर रहेका नेवार समुदायबिच आफ्नो भाषा-संस्कृतिको जर्गेना तथा प्रवर्धनका लागि सचेतना जागरण गर्न र नेपालमा राज्यबाट भइरहेको विभेदको अन्त्यको आवाज बुलन्द पार्नका लागि पनि विश्व नेवा संगठनको स्थापना भएको हो । नेपालमा जातीय, भाषिक र सांस्कृतिक विभेद विद्यमान छ । राज्यले पनि सोही आधारमा विभेद व्यवहार गरिरहेको हामी पाउँछौं । त्यसो हुँदा विभिन्न जाति तथा समुदाय राज्यको मूलधारदेखि पछाडि परेको यथार्थ विद्यमान छ । सबै जाति तथा समुदायका भाषा, कला र संस्कृतिलाई राज्यले समान व्यवहार गर्नुपर्छ भन्ने मान्यता नेवार समुदायले राख्दै आएको छ । विश्व नेवा संगठनको उद्देश्य नेपालमा नेवा आन्दोलनलाई नैतिक तथा भौतिक समर्थन पुर्‍याउनु पनि हो । नेपालमा मधेसी तथा जनजातिका अधिकार सम्बन्धी आन्दोलनमा ऐक्यबद्धता जनाउने नैतिक समर्थन गर्ने कार्य पनि गर्दै आएको छ । तथापि नेवा एवं मधेसी तथा जनजातिका विभिन्न आन्दोलनमा प्रत्यक्ष संलग्न भएर सहयोग पुर्‍याउने कुरामा संगठनले अझै प्रभावकारी भूमिका खेल्न सकेको छैन ।

त्यस्तै, विश्व नेवा संगठनको अर्को उद्देश्य भनेको नेवाहरूलाई परेको खण्डमा आर्थिक सहयोग गर्नु र नेवाहरूलाई आर्थिक रूपमा सशक्त बनाउन आवश्यक भूमिका खेल्नु पनि हो । विश्व नेवा संगठनलाई आर्थिक सहयोगका लागि नेवाहरूबाट धेरै अनुरोध आइरहने गर्छन् । नेवा समुदायको आर्थिक सशक्तीकरणमा सहयोग पुर्‍याउने उद्देश्यसहित विश्व नेवा संगठनले 'विश्व नेवा कोष' स्थापना गर्ने अवधारणा पनि अघि सारेका छन् । यसका लागि अवधारणापत्र तयार गरिए पनि कोषलाई सुदृढ पार्ने पर्याप्त प्रयास हुन सकिरहेको छैन ।

हुन त विश्व नेवा संगठनको बनेको लगत्तै नेवा देय दबुले भाजु सुवर्णमान तुलाधरको 'आफैं नेपालभाषा सिकौं' जस्ता पुस्तक प्रकाशित गर्न आर्थिक सहयोग गर्न, सरोकारका विषयमा बनेको मुद्दा फिल्म निर्माण गर्ने लगायत काममा आर्थिक सहयोग पुर्‍याउने कार्य गरियो । सन् २०१५ को भूकम्पले आफ्नो देशमा आइपरेको विपतमा विश्व नेवा संगठनले पनि विश्वभर आर्थिक संकलन नेपालका भूकम्प पीडितलाई विभिन्न तरहले सहयोग गरेको पनि यहाँ उल्लेखनीय छ ।

कोभिडको प्रकोपले विश्व त्रसित वातावरणमा पनि विश्व नेवा संगठन आफ्नै तबरले सक्रिय रह्यो । घरबाहिर समेत निस्कने अवस्था समेत नरहेको त्यो बेला विश्व नेवा संगठन जुममार्फत भए पनि अनेकौं सम्मेलनहरू गरी विचार आदान-प्रदान गर्ने एकापसमा सहयोगको वातारण बनाउने काम जारी राख्यो । भाषिक र साहित्यिकदेखि नेवा संस्कृति, संस्कार, कला, वास्तुकला विषयका प्राज्ञिक गोष्ठी र सम्मेलन पनि आयोजना गरियो । यसैबिच डब्लुडीबी दैनिक जुम कार्यक्रम सञ्चालनमा ल्याएर नेवा प्रतिभाहरू खोजीखोजी विश्वमाझ चिनाउने कार्य सुरु भयो, जुन अद्यापि जारी छ । यो बेलाको सबभन्दा महत्त्वपूर्ण कार्य भनेको नेपाल भाषालाई गुगलको अनुवाद इन्जिनमा समावेश गर्न विश्व नेवा संगठनले खेलेको भूमिका हो । सन् २०२१ बाट थालेर सयौं नेपालभाषा प्रेमीहरूको निरन्तर प्रयासले २०२४ सम्म आइपुग्दा नेपालभाषालाई विश्वका अरु कुनै भाषामा सजिलै अनुवाद गर्न सकिने बनाइसकेको छ । संयुक्त श्रेष्ठको अध्यक्षतामा रहेको हालको विश्व नेवा संगठनको नेतृत्वले उच्च प्रविधिको यो युगमा आफ्नो मातृभाषालाई विश्व समुदायमाझ फैलाउन खेलेको यो भूमिका नेपालभाषाको विकासको इतिहासमा अति नै महत्त्वपूर्ण छ ।

**केही चुनौती**

नेपाल बाहिरबाट आउने अन्य जातीय समूह र नेवा समुदायको तुलनामा नेपालमा नेवाको संख्या निकै कम छ । उदाहरणका लागि नेदरल्यान्डमा एक सयको हाराहारीमा होलान् । जर्मनी र फ्रान्स ठुला देश भए पनि त्यहाँ नेवाको संख्या न्यून छ । पराया देशमा जिउन अनेक कठिनाइ भोग्नुपर्ने हुनाले पनि व्यवस्थित ढंगले सांगठनिक काम गर्न पनि गाह्रो छ । अमेरिका, बेलायत र अस्ट्रेलियाजस्ता देशहरूमा नेवाहरूको अलि बेसी संख्यामा र हेको देखिन्छ । यसरी नेवाहरू बेसी संख्यामा रहेको देशमा पनि नेवाहरू एकअर्कासँग समन्वय गरेर काम गर्न सजिलो भने छैनन् । जब मैले बेलायतको बारेमा कुरा गरेँ, जहाँ मैले नेपालीका बारेमा अनुसन्धान गरेँ, मैले देखेँ कि अन्य नेपाली जातीय समूहका मानिस आफ्ना जातीय संगठनमा सामेल भई काम गर्न कुनै हिच्किचाहट देखिँदैन ।

नेपालमा नेपाल भाषा मंका खलले जस्तै बेलायतमा रहेको 'नेवा संस्था पासा पुच गुथि'ले पनि आफ्नो नेवा घर बनाउने घोषणा गरेको थियो । हालसम्म त्यो बन्न सकेको छैन । धेरै पछाडि मात्र संगठन बनाएका गुरुङ (तमु), मगर र खम्बु लिम्बु समुदायले भने आफ्नो जातीय संस्थाको नाममा घर बनाइसकेका छन् । परदेशमा रहेका नेवाले आपसमा छलफल गरेर नेवाको हितमा काम गर्न सक्नुपर्छ भन्ने म देख्छु । नेवाहरू अरु जातिको तुलनामा एकताबद्ध नरहेको गुनासो पनि धेरै सुन्नमा आउँछ । यो एक किसिमले स्वाभाविक पनि हो किनभने नेवाहरूले आफूलाई एक जातिको रूपमा भन्दा पनि, एक राष्ट्र वा राष्ट्रियताको रूपमा पनि गर्व गर्छन् । तर नेपालका अन्य जातीय समूहजस्तै नेवाहरू पनि राज्यले उपेक्षित व अपहेलित अवस्था छ । अधिकारबाट वञ्चित भएका नेवाको अवस्था नेपालका अन्य जातीय समूहभन्दा फरक छैन । नेपालमा आदिवासी जनजाति महासंघको स्थापनामा नेवा नेता पद्मरत्न तुलाधर, मल्ल के. सुन्दर, केशवमान शाक्य र अन्यको प्रमुख भूमिका थियो । तर नेपाल र नेपालबाहिर धेरै नेवालाई यो कुरा थाहा छैन ।

*(साभार: अनलाइनखबर)*

# सुरक्षाको 'खेल' ट्रेलरमा के छ ?

काठमाडौं/आगामी बैशाख १२ गतेबाट प्रदर्शनको तयारीमा रहेको सस्पेन्स थ्रिलर फिल्म 'खेल'को ट्रेलर सार्वजनिक गरिएको छ । २ मिनेट ३१ सेकेण्ड लम्बाईको ट्रेलरमा एउटा खातक खेलपछि उत्पन्न हुने समस्यालाई देखाइएको छ । फिल्मले मुख्य रुपमा अन्धविश्वास, रोगको प्रकोप र कालो जादुका विषयलाई उठाएको ट्रेलरले प्रष्ट पार्छ ।





पुराना कलाकृति र शिलालेखको दृश्यहरू समेटिएको ट्रेलरमा चारजना साथीहरूबीचको मित्रता र असमझदारी, अभिनेत्री सुरक्षा पन्तको अस्वाभाविक व्यवहार, हेना नगरकोटीको रहस्य सुल्झाउने प्रयास, मोनिका थापा र समापिका गौतमको फरक गतिविधिले रहस्य र डरको अनुभूति गराउँछ । फिल्मको कथा एउटा खेलको वरिपरि घुमेको देखिन्छ ।

अनुराग प्रधान र आस्था श्रेष्ठको निर्देशन रहेको फिल्ममा सुरक्षा, हेना, समापिका र मोनिकासहित निकिता आचार्य, मिथिला शर्मा, सरिता गिरी, भोलाराज सापकोटा, किरण श्रेष्ठ लगायतको अभिनय छ । सिरुपाते कट्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माताहरू लुइसराज महर्जन र आशिषराज महर्जन हुन् भने सह-निर्मातामा कुणालराज गुरुङ र रहिशराज महर्जन रहेका छन् ।

फिल्मको कथा आशिषराज महर्जनले लेखेका हुन् । पटकथा अभितेन्द्र र अनुराग प्रधानको हो भने संवाद विष्णु गैरेले लेखेका छन् । रोशन राई र सञ्जय लामाको छायांकन रहेको फिल्ममा सम्पादन आशिषराज महर्जनको छ । नेपाली लोककथा, परम्परा, अध्यात्म, थ्रिलर र सस्पेन्सको मिश्रणमा फिल्म आधारित रहेको जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पाथिभरा मन्दिरमा पाथिभरा महोत्सव सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/हेटौंडा उपमहानगरपालिका वडा नं १ मा अवस्थीत पाथीभरा मन्दिरमा पाथिभरा महोत्सव तथा महायज्ञ सुरु भएको छ ।

धर्मसँगै पर्यटन भन्ने मुलनाराकासाथमा पाथिभरा मन्दिरमा चैत्र १७ गतेदेखि सुरु भएको महोत्सव चैत्र २५ गतेसम्म चल्नेछ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले स्थापनाकालदेखि नै यस मन्दिरमा वर्षको दुईपटक वडादशैं अष्टमी र चैतेदशैंको अष्टमीमा विशेष पूजा हुने गरेको पाथिभरा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष केशवप्रसाद देवकोटाले बताएका छन् ।




सबै भक्तजन पथिभारा माताको र्दशनको लागि ताप्लेजुङमा रहेको पाथिभरा मन्दिरमा पुग्न नसक्ने भएकाले माताको दर्शनको लागि सबैलाई सहज होस् भनि प्रकृती स्वरुपिणी माता पञ्चकन्या पाथिभरा भगवतीको अनुकम्पाले अलौकिक चेतना हुनगई बिसं. २०६३ चैत्र २२ गते ताप्लेजुङस्थित माताको दरबारबाट स्वयम उहाँकै आदेश अनुसार माताको प्रतिमास्वरुप १ शिला, १ त्रिशुल र एक कलश ल्याई २०६४ साल बैशाख १ गतेका दिन भैर बडाँडामा पनि पाथिभरामाताको मन्दिर स्थापना भएको मन्दिरका पूजारी देवदासको भनाई छ ।

हेटौंडाको बुद्धचोकबाट करिब २ किलोमिटरको दुरीमा रहेको मन्दिर परिसरबाट हेटौंडा बजारको मनोरम दृश्य समेत अवलोकन गर्न सकिन्छ । मातापाथीभरा भगवतीको स्थापनापश्चात नित्यरुपमा पुजन, हवन र स्तोत्रपाठ हुँदै आएको र वार्षिक हवन, पुजन, तर्पण, मार्जन, माताकै आज्ञाअनुसार गरिदै आएको पूजारीको भनाई छ । २०६३ साल चैत्र २७ गते राति सपनामा पाथिभर ामाताले दिनुभएको दृष्ट्रिअनुसार त्यही रात १२ बजे भैरवडाँडामा पुगेर हेर्दा सपनामा देखाएजस्तै स्थान भेटिएपछि पाथिभरामातालाई त्यहाँ अवतरण गराउन सफल भएको पुजारी देवदासको भनाई छ ।

पाथिभरादेवीको दर्शन गर्नाले आँटेका र चिताएका सबै मनोकामना पूरा हुनेगरेको विश्वासकासाथ देश तथा विदेशबाट दैनिक सयौंको संख्यामा भक्तजन पाथीभरा मन्दिरमा आउने गर्दछन् । बिशेष गरी चैत र असोजको नवरात्र, दशैंको बेला, शनिबार र मंगलबारका दिन भक्तजनको आगमन बढी हुने पुजारी देवदास बताउँछन् । मातापाथिभरादेवीलाई बली चढाउनु पर्दैन तर, माताको गणाहरुलाई भने बली दिइने चलन छ ।

ताप्लेजुङको पाथिभरा मन्दिरमा बली चढाएपनि यस मन्दिरमा दीपप्रज्ज्वलन, फूलपाती र फलफूल चढाउने गरिन्छ । तप्लेजुङस्थित पाथिभरामाताको मन्दिरमा सबैजना पुग्न असम्भव रहेकोले ताप्लेजुङमा पुग्न नसक्नेहरुले यहींको मन्दिरमा दर्शन गर्दा पनि मनोकामना पूरा हुने विश्वास रहेको दर्शनार्थीहरु बताउँछन् । माताको प्रतिमास्वरुप १ शिला, १ त्रिशुल र एक कलश ल्याई स्थापना गरेको मन्दिरको हेटौंडा उपमहानगरपालिकाको बिशेष सहयोगले मुहार नै फेरिएको छ । पाथिभरादेवीको दर्शनसँगै भैरबडाँडामा रहेको भ्युटावरबाट हेटौंडाको मनमोहक दृश्य, राप्तीखोला, जंगल साथै एकै स्थानबाट पहाडदेखि तराईसम्मको दृश्याअवलोकन गर्न सकिन्छ ।

# हातमा कालोपट्टी बाँधेर सञ्चारकर्मी कार्यक्षेत्रमा



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुरका सञ्चारकर्मी आइतबार हातमा कालोपट्टी बाँधेर कार्यक्षेत्रमा खटिएका छन् ।

शुक्रबार राजावादीको प्रदर्शनका क्रममा काठमाडौंको तीनकुनेमा एभिन्युज टिभीका पत्रकार सुरेश रजक र विभिन्न सञ्चार माध्यममाथि भएको आक्रमणको विरोधमा नेपाल पत्रकार महासंघ मकवानपुरको आह्वानमा पत्रकारहरु कालोपट्टी बाँधेर कार्यक्षेत्रमा खटिएका हुन् ।

मकवानपुरमा पत्रकारले आइतबार बिहानैदेखि कार्यालय र समाचार संकलनमा जाने क्रममा हातमा कालोपट्टी बाँधेर शुक्रबार भएको घटनाको विरोध जनाएका छन् । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, महासंघका पूर्वउपाध्यक्ष पोष्टराज अधिकारी कुमार, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारीलगायत पत्रकारले विभिन्न सञ्चारगृहमा पुगेर त्यहाँ कार्यरत पत्रकारसँग एक्येवद्धता जनाएका छन् ।

महासंघ मकवानपुरका अध्यक्ष अधिकारीले समाचार संकलनकै क्रममा पत्रकारको हत्या भएको र आमसञ्चार माध्यममा आक्रमण गरिएको विषयलाई लिएर केन्द्रीय कार्यक्रमअनुसार मकवानपुरमा विरोध जनाइएको बताए । उनले सोमबार बागमती प्रदेशका मुख्यमन्त्री र प्रमुख जिल्ला अधिकारीमार्फत् कार्यक्षेत्रमा पत्रकारको सुरक्षाको ग्यारेन्टीको माग गर्दै ध्यानाकर्षणपत्र बुझाउने बताए ।

प्रेस युनियनका अध्यक्ष विडारीले राजनीतिक मुद्दाका आडमा पत्रकार र संचारमाध्यममाथिको आक्रमण सहृय नभएको उल्लेख गर्दै पत्रकारका सबै संघसंगठनले राजनीतिक रङमा हुने अवाञ्छित र अराजक गतिविधिको सधैं विरोध गर्ने बताए । उनने पत्रकार हत्याको विरोध गर्दै दोषीलाई कार्बाहीको माग गरे । शुक्रबार भएको राजावादीको आन्दोलनमा एभिन्युज टेलिभिजनमा कार्यरत पत्रकार रजकको मृत्यु भएको थियो भने विभिन्न सञ्चार माध्यममा तोडफोड र आगजनी भएको थियो ।

# बागमतीमा घरेलु उद्योग तथा वाणिज्य कार्यालयको नाम सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ बागमती प्रदेशसभा उद्योग, पर्यटन तथा वातावरण समितिले आइतबारको बैठकमा उद्योग तथा वाणिज्य कार्यालयको नाम परिवर्तन गर्दै प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ अनुसार घरेलु उद्योग तथा वाणिज्य कार्यालय राख्न सिफारिस गरेको छ ।

समितिका सभापति आनन्दकुमार श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको हो । समितिका सदस्य भारती पाठकका अनुसार उद्यमीलाई उत्पादन र बजारीकरणमा सहजता दिन, साना र मझौला उद्योगलाई वृहत्तर बनाउँदै रोजगार सृजनामा योगदान पुऱ्याउनका लागि घरेलु उद्योग तथा वाणिज्य कार्यालयको नाम सिफारिस गरिएको हो ।

उनले भनिन्, 'मन्त्रालयको विभाजनपछि उद्योगीलाई विभिन्न चुनौतीको सामना गर्नुपरेको छ, त्यसैले प्रदेशभित्रको शक्ति र स्रोतको उचित परिचालन गर्दै समृद्ध बागमती प्रदेश निर्माणमा सहजीकरण गर्नका लागि यो कदम चालेको हो ।'

उद्योग दर्ता र बन्द प्रक्रियामा सरलता ल्याउन कानूनी दृषट्रिकोणबाट सुधार आवश्यक रहेको बताइएको छ । समितिले यस कदमलाई बागमती प्रदेशको औद्योगिक विकास र रोजगार सृजनामा महत्वपूर्ण मानेको छ ।

# नाडेपद्वारा जनमुखी केन्द्रलाई टेलिभिजन

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/थाहा नगरपालिकाको शिखरकोटमा शाखा रहेको नाडेप लघुवित्त वित्तीय संस्थाले जनमुखी जेष्ठनागरिक दिवासेवा केन्द्रलाई ४३ इन्चको टेलिभिजन प्रदान गरेको छ ।

संस्थाले सामाजिक उत्तर दायित्वअन्तर्गत शिखरकोटको चुनिस्थानमा रहेको दिवासेवा केन्द्रलाई टेलिभिजन प्रदान गरेको संस्थाका शाखाप्रमुख उज्वल बास्कोटाले बताए ।

जेष्ठनागरीक दिवासेवा केन्द्रका जेष्ठनागरिक र वडा न ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीलाई सामग्री हस्तान्तरण गरिएको हो । वडाअध्यक्ष रायमाझीको पहलमा संचालित जेष्ठनागरिक दिवासेवा केन्द्रलाई संचालन गर्नको निम्ति सहयोग आउनेक्रममा रहेको छ ।

# वैशाख १२ र १३ गते 'राइड हेटौंडा टु सौराहा २०८२' हुने

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ साइकलप्रेमीहरुका लागि आगामी वैशाख १२ र १३ गते 'राइड हेटौंडा टु सौराहा-२०८२' को आयोजना हुने भएको छ ।

स्वास्थ्य, वातावरण तथा पर्यटकीयस्थलको प्रवर्द्धन गर्ने उद्देश्यले साइकल सिटी हेटौंडाको मुख्य आयोजनामा कार्यक्रम हुने भएको आइतबार पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको समेत आयोजनामा हुने कार्यक्रममा ४३ जिल्लाबाट पाँच सयजना राइडरले सहभागिता जनाउने अनुमान रहेको साइकल सिटी हेटौंडाका अध्यक्ष लेखनाथ ढकालले बताए ।

जुनसुकै उमेर भएका इच्छुक साइकलप्रेमीले कार्यक्रममा सहभागी हुन नामदर्ता गर्नसक्ने आयोजकले जनाएको छ । हेटौंडा उपमहानगरदेखि चितवनसम्मको ७५ किलोमिटरको दुरीमा सहभागीले राइड गर्नेछन् । कार्यक्रमको अनुमानित खर्च २४ लाख रुपैयाँ रहेको अध्यक्ष ढकालले बताए । बाहिरी जिल्लाबाट आउने सहभागीलाई बस्न र खानको उचित व्यवस्था गरिने आयोजकले जनाएको छ ।

# मदन-आश्रित स्मृतिकप फुटबल प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/राष्ट्रिय युवा संघ नेपाल, बागमती गाउँ कमिटीले मदन-आश्रित स्मृति कप फुटबल प्रतियोगिता २०८१ गर्ने भएको छ ।




आइतबार पत्रकार सम्मेलन गर्दै चैत्र २० गतेदेखि २५ गतेसम्म हुने प्रतियोगिताबारे जानकारी दिइएको हो । बागमती गाउँपालिका-८ स्थित जनता माध्यमिक विद्यालयको खेलमैदानमा हुने प्रतियोगितामा १० टिमको सहभागिता रहने संघका अध्यक्ष अशोक ग्यालनले जानकारी दिएका छन् ।

७ औं बागमती गोल्डकप खेल्न नपाएका र लुकेर बसेका खेल प्रतिभालाई प्रोत्साहन गर्न प्रतियोगिता गर्न लागिएको उनले बताए । खेलप्रेमी युवाको संरक्षण हुने र स्थानीयस्तरमै खेलाडी उत्पादन हुने अपेक्षा समेत आयोजकले गरेको छ । प्रतियोगिताको उपाधि बिजेताले नगद ५० हजार र उपबिजेताले नगद २५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

त्यसैगरी विद्यागततर्फ सर्वोत्कृष्ट खेलाडीलाई ३ हजार, हाई गोल स्कोररलाई २ हजार, उत्कृष्ट मिड फिल्डरलाई २ हजार, उत्कृष्ट डिफेण्डरलाई २ हजार र प्रत्येक खेलको म्यान अफ दि म्याचलाई नगद ५ सय प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिता सम्पन्न ५ लाख खर्च लाग्ने आयोजकको अनुमान छ । पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको प्रमुख आतिथ्यतामा पत्रकार सम्मेलन भएको हो ।

# हेटौंडामा राप्रपाद्वारा मोटरसाइकल ¥यालीसहित विरोध प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट संगठन राष्ट्रिय युवा मोर्चाले आइतबार हेटौंडामा मोटरसाइकल ¥यालीसहित विरोध प्रदर्शन गरेको छ । राजतन्त्र पुन:स्थापनाको माग गर्दै गरिएको प्रदर्शनमा सहभागीले विभिन्न नारा लगाएका थिए ।

राप्रपाका कार्यकर्ताले 'राजतन्त्र जिन्दाबाद', 'हिन्दू राष्ट्र कायम गर', 'गृहमन्त्री राजीनामा दे', 'पक्राउ परेका नेताहरुलाई तत्काल रिहाई गर' जस्ता नारा लगाउँदै सरकारको नीति र कदमको विरोध गरेका थिए । सानोपोखराबाट सुरु भएको मोटरसाइकल ¥याली हेटौंडा बजार परिक्रमा गर्दै सीमाचोकमा कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै राप्रपा मकवानपुरका जिल्ला उपाध्यक्ष सागर थापाले सरकारले जनताको आवाज दबाउन दमनकारी नीति अपनाएको आरोप लगाए । उनले आगामी दिनमा अझ सशक्त आन्दोलनको चेतावनी पनि दिए । राप्रपा मकवानपुरका क्षेत्रीय अध्यक्ष उमेश थापाले विरोध प्रदर्शनको उद्देश्य स्पष्ट पार्दै पार्टीले चरणबद्ध रुपमा संघर्ष जारी राख्ने बताए ।

# सम्पत्ति शुद्धीकरण प्रतिवेदन संख्या २४ प्रतिशत बढेर साढे ७ हजार

काठमाडौं, १७ चैत/ सम्पत्ति शुद्धीकरण सम्बन्धी शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदन संख्या बढेर ७ हजार ३ सय ३८ पुगेको छ । आर्थिक वर्ष २०७९/८० मा यस्तो संख्या ५ हजार ९ सय ३५ रहेकोमा अहिले २४ प्रतिशतले बढेको हो ।

वित्तीय जानकारी इकाइले गत आव २०८०/८१ को वार्षिक प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गरेको छ । प्रतिवेदनमा इकाइको वार्षिक काम कारबाही तथा नेपालको सम्पत्ति शुद्धीकरण निवारण प्रणाली सम्बन्धी विवरण तथा जानकारी दिइएको छ ।

सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ बमोजिम गर्नुपर्ने रिपोर्टिङका लागि इकाइको एएएमएल प्रणालीमा आबद्ध सूचक संस्था, कानुन कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकाय र नियामक निकायको कुल संख्या १ हजार ६ सय ३९ पुगेको छ ।

सूचक संस्थाहरूले इकाइमा पेस गरेको सीमा कारोबारको संख्या २०७९/८० मा १६ लाख ९८ हजार ३ सय ९८ रहेकोमा २०८०/८१ मा १६ लाख ९७ हजार ७ सय १२ रहेको छ ।

सूचक संस्थाहरूले इकाइमा सम्प्रेषण गरेका शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदन संख्या २०७९/८० मा ५ हजार ९ सय ३५ रहेकोमा २०८०/८१ मा करिब २४ प्रतिशतले वृद्धि भई ७ हजार ३ सय ३८ पुगेको छ ।

यसरी प्राप्त गरिएका अधिकांश शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन कर छली सम्बन्धी, मौद्रिक/बैंकिङ/विदेशी विनिमय/बीमा/सहकारी सम्बन्धी, ठगीसम्बन्धी, चिट्ठा/जुवा/सट्टेबाजी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित देखिएको छ ।

प्राप्त शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदनमध्ये गत वर्षभन्दा ३४ प्रतिशतले वृद्धि भई २०८०.८१ मा जम्मा विश्लेषण भएको संख्या १ हजार ६ सय ३२ पुगेकोमा तीमध्ये ८ सय ८९ प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकाय तथा नियामकीय कारबाहीका लागि नियमनकारी निकायमा प्रवाह गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

तीमध्ये ७ सय ४६ प्रतिवेदन इकाइले भविष्यमा थप जानकारी प्राप्त भए पुन: विश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको छ ।

# आज सार्वजनिक बिदा

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ सरकारले सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ । इस्लाम धर्मावलम्बीहरुको पर्व इद सोमबार परेकाले बिदा दिने निर्णय भएको गृह मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख छ । २०८० माघ २९ को राजपत्रमा प्रकाशित सूचनामा इदमा बिदा दिने उल्लेख थियो ।

वीरगंजलगायत देशका विभिन्न ठाँउमा आइतबार ईदको चाँद देखिएकाले सोमबार नेपालमा ईद हुने मुस्लिम आयोगले जनाएको थियो ।

आयोगका कार्यवाहक अध्यक्ष महमद्दिन अलीकाअनुसार गृह मन्त्रालयलाई आईतबार ईदको चाँद देखिएको र सोहिअनुसार सोमबार इदको सार्वजनिक बिदाको लागि सिफारिस गरिएको थियो ।

# रवीन्द्र र धवल कम्तीमा पाँच दिन हिरासतमा रहने

काठमाडौं, १७ चैत/ जिल्ला अदालत काठमाडौंले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद धवलशमशेर जबरा र वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई पाँच दिन थुनामा राख्न अनुमति लिएको छ ।

उनीहरू पक्राउ परेको दिनदेखि नै त्यो अवधि गणना हुनेछ । अदालतले दिएको अनुमति अनुसार प्रहरीले अब उनीहरुलाई कम्तीमा मंगलबारसम्म थुनामा राख्न पाउनेछ ।

तीनकुने घटनामाथि अनुसन्धान गरिरहेको प्रहरीले मिश्र, जबरा लगायत ११ जनालाई राज्यविरुद्धको अपराधको आरोपमा मुद्दा चलाएको हो ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंका प्रमुख रामहरि शर्मा काफ्लेका अनुसार, उनीहरू माथि प्रारम्भिक अनुसन्धानपछि राज्यविरुद्धको कसुर आकर्षित हुने देखिएकाले त्यसमा म्याद थप गर्ने तयारी भइरहेको हो ।

ती बाहेक अरु ३१ जनालाई आपराधिक उपद्रव र संगठीत अपराधको अभियोगमा म्याद थप्न अदालतमा पेश गरिएको उनले बताए । जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख अपिलराज बोहराका अनुसार, घटनामा संलग्नहरूका बारेमा सरोकारवालाहरूसँग जाहेरी र अरु सूचनाका लागि सार्वजनिक आह्वान भएको छ ।

प्रहरीले करिब एक सय जनाको हाराहारीमा पक्राउ गरेपछि अहिलेका लागि ४२ जनालाई मात्रै अदालतमा पेस गरेर अनुसन्धानको प्रक्रिया अघि बढाएको छ । पक्राउ परेका स्वागत नेपाल लगायतहरुलाई भने प्रहरीले हाजिरी जमानीमा छाडेको छ ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना